# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



फर्पिङ्गको दक्षिणकाली गा.वि.स.स्थित [illegible]श्री [illegible] छ्यो[illegible]ष्ट लर्निङ्ग सेन्टरमा स्थापित बुद्ध मूर्ति

**वर्ष-२६; अङ्क-०९**

DHARMAKIRTI

**बि.सं. २०६५, योमरी पुन्ही**

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन।

## ■ विषय-सूचि ■


| क्रम | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय– बुद्धको अन्तिम सन्देश | – | २ |
| ३. | मसोज र मौनको शिक्षा | – सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद–२१६ | – रीना तुलाधर | ४ |
| ५. | ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग | – | ५ |
| ६. | चोरको हृदय परिवर्तन | – | ६ |
| ७. | बुद्धशासनको इतिहास–३ | – भिक्षु अमृतानन्द | ७ |
| ८. | केही बौद्ध विश्वासहरू...२ | – ले.के श्रीधम्मानन्द, अनु. बरदेश मानन्धर | ९ |
| ९. | मनुष्य जीवनको सार्थकता लागि धर्मको भूमिका र महत्व | – भिक्षु अश्वघोष | ११ |
| १०. | मिलिन्द-प्रश्न–१९ | – अनुवादक: आनन्द प्रधान | १३ |
| ११. | सीपोसम्म सैजान पनि दिदैनन् | – नरेन्द्रनाथ भट्टराई | १४ |
| १२. | योग अभ्यास विधि–भाग ४३ | – डा. गोपाल प्रधान | १५ |
| १३. | मैले बुझे अनुसार | – अमीर कुमारी शाक्य | १७ |
| १४. | अहंकार त्याग | – देवेश कुमार | १७ |
| १५. | धर्मकीर्ति विहार–गतिविधि | – | १८ |
| १६. | गिं धयपुना कार्ड | – प्रेमलक्ष्मी तुलाधर | २१ |
| १७. | बुद्धया कामना | – राज शाक्य | २२ |
| १८. | महान | – राजीव वज्राचार्य | २२ |
| १९. | धर्म प्रचार–समाचार | – | २३ |
| २०. | सत्धर्म (तिक्तीन्द्रम) | – अनु. ज्योति शाक्य | २४ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु।
- आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया बीफु।

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**12th DECEMBER 2008**

| वर्ष- २६ | अङ्क- ९ | योमरी पुन्ही | मंसीर २०६५ |
|---|---|---|---|





विजयले वैरभाव उत्पन्न गराउँछ, पराजित पुरुष दु:खपूर्वक सुत्छ, शान्त पुरुष जय र पराजयलाई त्यागेर सुखपूर्वक सुत्छ।

निरोगी हुनु परम लाभ हो, सन्तोष परम धन हो, विश्वास सबभन्दा ठूलो बन्धु हो, निर्वाण परम सुख हो।

मूर्खहरूको संगत गर्ने व्यक्तिलाई दीर्घकालसम्म शोक हुन्छ, मूर्खसंग संगत गर्नु शत्रु संग संगत गर्ने बेला जस्तै दु:ख हुन्छ भने धीर पण्डितसंग बस्दा ज्ञाति (नातेदार) बन्धुहरूसंग बस्नेबेला जस्तै सुख प्राप्त हुनेछ।


*प्रमुख व्यवस्थापक*

**विद्यासागर रञ्जित**

फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ४२५ ३१८२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७६९०८

*सह-व्यवस्थापक*

**ध्रुवरत्न स्थापित**

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*

**भिक्षु अश्वघोष महास्थविर**

फोन: ०७१-५८०२९९ (शाक्यमुनि विहार, लुम्बिनी)

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५ ९४६६

*कार्यालय*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५ ९४६६



| | |
|---|---|
| बुद्ध सम्वत् | २५५२ |
| नेपाल सम्वत् | ११२९ |
| इस्वी सम्वत् | २००८ |
| विक्रम सम्वत् | २०६५ |

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |

■ सम्पादकीय ■

# बुद्धको अन्तिम सन्देश

गौतम बुद्ध ८० वर्षको उमेरमा परिनिर्वाण (फेरि जन्मन नपर्ने अवस्थाको देहवसान) हुनुभयो । परिनिर्वाण हुनुभन्दा पहिले उहाँले केही सन्देश छोडेर जानुभएको छ। स्मरणिय र साम्है उपयोगी त्यो सन्देश यसरी रहेको छ–

**"हन्ददानि भिक्खवे आमन्तयानि वो**
**वय धम्मा संखारा अप्पमादेन सम्पादेथ"**

अर्थात् "हे भिक्षुहरू ! अब तिमीहरूलाई सम्बोधन गर्दछु– संस्कार धर्म सबै नाशवान् छन् । त्यसैले अप्रमादी भएर रहनु ।"

यहाँ "अप्रमाद" भन्नु नै सजग, सचेत, जागरुक, सतर्क एवं अल्छी नहुनु भन्ने बुझिन्छ । यी सबै शब्दहरू अप्रमाद शब्दका पर्यायवाची हुन् । अर्को शब्दमा भन्ने हो भने बेहोशी नहुनु र अचेतन नहुनु हो ।

बेहोशीपना कुनै पनि कार्य क्षेत्रमा लाभप्रद नहुने कुरा स्वत: स्पष्ट छ । होशियारी बन्न सक्नु त्यागी एवं गृहस्थी वर्गमा जीवन सफल पार्नका लागि अत्यावश्यक गुण हो । अझ भन्ने हो भने देशलाई राम्रो गति तर्फ दोऱ्याउने राजनैतिक नेताहरूका लागि होशियारी रहन सक्नु त औषधी नै हो । यो औषधी प्रयोग गर्न नपुगेकोले होला धेरैजसो नेताहरूले बेहोशीमा खूब भाषण दिन्छन् तर कार्यान्वयन भने ज्यादै कम । कतिपय धार्मिक क्षेत्रहरू पनि यस्ता अपवादबाट मुक्त छैनन् ।

केही अपरिपक्व बुद्धिजीवि वर्गले भन्ने गर्छन्–

"भगवान् बुद्धले भिक्षुहरूलाई मात्र सम्बोधन गरी सन्देश र उपदेश दिनु भएको कुरा पालि साहित्यमा उल्लेख भएको पाइन्छ । त्यसैले उहाँको शिक्षा गृहस्थीहरूलाई होइन रहेछ ।"

यस्तो भन्नु मिथ्या धारणा मात्र हुन् । किनभने भगवान् बुद्धले भिक्षुहरूलाई "अप्रमादी" बनि रहनु भन्नुभएको कुरा बहुजन हिताय बहुजन सुखायको लागि हो । बहुजनले सबै वर्गलाई समेटेको छ । यसमा त्यागी व्यक्ति देखि लिएर गृहस्थीहरूलाई पनि संगालिएको हुन्छ । सतर्क, सजग र होशियारी बन्नुपर्ने शिक्षा गृहस्थीहरूलाई पनि त्यति नै उपयोगी रहेको हुन्छ ।

भगवान् बुद्धको अर्को अन्तिम सन्देश हो, "भिक्षुहरू ! म मरेपछि मैले तिमीहरूलाई बताएका धर्म र विनय (अनुशासन) सम्बन्धी उपदेशहरू नै तिमीहरूको गुरु बन्ने छ । त्यसैले तिमीहरूले गुरु बितिसक्यो भनी नठान्नु र लापरवाही जीवन नजिउनु ।"

बुद्धशासन (बुद्ध धर्म) साम्प्रदायिक भावबाट मुक्त धर्म हो । भगवान् बुद्धले कुनै पनि उत्तराधिकारी नियुक्त गर्नु भएको छैन । तर अन्य धार्मिक समूहमा धर्म प्रवर्तकका मालिक, धर्माधिकारी अलग्गै रहेको हुन्छ । यसमा कुनै प्रकारको वर्गभेद र जातिभेद पनि छैन । अपवाद स्वरूप बुद्धपरिनिर्वाण भएको थुप्रै वर्ष पछि थेरवाद (हीनयान), महायान र वज्रयान आदि वर्गहरू सृजना भएको देखियो ।

भगवान् बुद्धका अन्तिम सन्देशहरूमध्ये महत्वपूर्ण अर्को वचन हो–

"हे भिक्षुहरू ! म मरेपछि मैले बनाएका विनय नियमहरू मध्येससाना नियमहरूलाई आवश्यक परेमा त्यागिदिए पनि हुन्छ ।"

भगवान् बुद्धले भिक्षुहरूलाई समय समयमा स्थान र ऋतु अनुसार २२७ वटा नियमहरू बनाउनु भएको थियो । ती मध्ये केही यसरी छन्–

- फुलका विरुवा नरोप्नु, नकाट्नु, फुल नटिप्नु आदि ।
- उभिएर पिशाव नफेर्नु ।
- अर्पण नगरेको खाना नखानु ।
- पैसा नछुनु आदि आदि ।

आजभोलीको समय र वातावरणले यी नियमहरू पालन गर्न अप्ठ्यारो पारिसकेको छ । बुद्ध दूरदर्शी एवं भविष्यका ज्ञाता हुनुभएको कारणले नै उहाँले आफ्नो जीवित कालमा नै समय र स्थान अनुसार आफूले बनाएका विनय नियमहरू परिवर्तन गर्न सक्ने आदेश दिनुभएको होला । यस घटनाले भनिरहेको छ भगवान् बुद्ध कट्टर पन्थी र परम्परावादी हुनुहुन्न । उहाँले घटना नघटीकन कुनै पनि नियमहरू बनाउनु हुन्न । एकपटक उहाँका प्रमुख शिष्य सारीपुत्र महास्थविरले भगवान् बुद्धलाई यसरी प्रार्थना गर्नुभएको थियो–

"भन्ते ! भिक्षुहरू अनुशासनहीन भए । त्यसैले केही नियम थप्नु पर्ने देखियो ।"

भिक्षु सारीपुत्रको यस्तो कुरा सुनी भगवान् बुद्धले भन्नुभयो -

"सारीपुत्र ! घाऊ नै नभएको अवस्थामा औषधी लगाउने ? घटना नै नघटेको अवस्थामा कुन कारणले नियम बनाउने ?"

यस घटनाले पनि भनि रहेको छ, भगवान् बुद्ध सही प्रजातन्त्रवादी हुनुहुन्छ । उहाँको छत्र छाँयामा रही उहाँका शिष्यहरूले साँचो प्रजातन्त्रको सुखानुभूति गर्न पाएका थिए । बुद्ध जन्मभूमीमा जन्मेका हामी नेपालीले यस्तै साँचो प्रजातन्त्रको अनुभव सिघ्रातिसिघ्र गर्न पावस् ।

धर्मकीर्तिको सदा यही कामना रहेको छ ।



Downloaded from http://www.dhamma.digital

# यसोज र मौनको शिक्षा

■ सत्यनारायण गोयन्का

यसोज नामको साधु भगवानको धर्मदेशना सुनेर प्रभावित भए र प्रव्रजित भए। उनले ध्यान गरे, त्यसबाट लाभान्वीत भए अत: आफ्ना पाँचसय साथीहरूलाई संघमा पव्रजित गरेर भगवान शास्ता संग दर्शन गर्न जेतवन विहारमा आए।

नयाँ ती भिक्षुहरू विहारमा आएपछि विहारका पुराना भिक्षुहरूलाई भेटे, बस्ने-रहने स्थान मिलाउन, पात्र-चीवरहरू ठाँऊ ठाऊँमा राख्न ठूलो-ठूलो स्वरमा कराउँदै थिए। विहारको शान्त वातावरणमा कोलाहलले भरिएको थियो। शान्ति प्रिय भगवानको विहारमा यस्तो कोलाहल वातावरण हुनु अनौठो घटना थियो। भगवानले यस्तो कोलाहल सुन्नु भए पछि आनन्दलाई बोलाएर सोध्नु भयो–

आनन्द ! यो ठूलो-ठूलो स्वरले के को हल्ला भइरहेछ ? कोही माझीले माछा पक्रिरहे जस्तो ?

आनन्दले हल्ला हुनुको कारण बताए।

भगवानले यसोज सहित नवआगन्तुक भिक्षुहरूलाई बोलाउनु भयो। विहारको शान्ति भंग गरेको अपराधमा उनीहरूलाई दण्ड दिनु हुँदै भन्नुभयो–

"भिक्षुहरू, जाऊ। म तिमीहरूलाई विहार छोडेर जाने आज्ञा दिंदैछु। तिमीहरू म संग नबस।"

यस्तो हल्ला गर्ने व्यक्ति वास्तवमा भगवानसंग बस्न लायक थिएन। सबैले टाउको निहुराएर भगवानलाई वन्दना गरे र उहाँको आज्ञा स्वीकार गर्दै आ-आफ्नो पात्र चीवर लिएर जेतवन विहारबाट बाहिरिए। यसोजले उनीहरूलाई वज्जी देश तर्फ लगे। त्यहाँ वग्गुमुदा नदीको किनारामा रहन थाले।

यसोज एकदम बुद्धिमान व्यक्ति थियो। उनले भगवानले दिनु भएको दण्डको पूरा लाभ उठाए। गुरुले दिएको दण्डलाई विद्याको माला थानेर आफ्ना साथीहरूलाई सम्झाए कि भगवानले बडो अनुकम्पा गरेर नै हामीलाई विहारबाट बाहिर जाने दण्ड दिनुभयो। धेरै कुराकानी गर्नेहरूले धर्मको उपलब्धि गर्न सक्दैन। त्यसैले एकान्तवासमा मौन रहेर उहाँले बताउनु भएको विपश्यना विधिको अभ्यास गर्नु पर्दछ। भगवानलाई सन्तुष्ट गर्ने यही नै एउटा तरिका हो। निष्ठावान र ध्यानी भिक्षुहरू देखेर भगवान् सदा प्रसन्न रहनु हुन्छ। यसोजले राम्ररी ध्यान गर्न एक्लै बस्नु पर्छ, भीडमा रहेर हुँदैन भनी सम्झाए।

आफ्नो अनुभवको आधारमा यसोज स्थविरले आफ्ना पाँचसय साथीहरूलाई एकान्तमा ध्यान गर्ने जुन उपदेश दिए त्यो उनीहरूका साथै भविष्यमा ध्यान गर्ने अनेकौं साधकहरूका लागि पनि कल्याणकारी सावित भयो। उनले भने कि–

**यथा ब्रह्मा तथा एको**– जहां साधक एक्लै ध्यान गर्छ त्यहाँ ब्रह्मा ध्यान गरे झैं हुन्छ।

**यथा देवो तथा दुवे**– जहां दुइजना एक साथ रहेर ध्यान गर्छ त्यहाँ दुइजना देवता ध्यान गरे झैं हुन्छ।

**यथा गामो तथा तयो**– जहाँ तीनजना एक साथ ध्यान गर्छ त्यहाँको स्थिति अर्कै हुन्छ, मानौं गाऊँ नै ध्यान गरे झैं हुन्छ।

**कोलाहलं ततुत्तरिं**– तीन भन्दा अधिक भयो भने त कोलाहल मात्र हुन्छ।

तिनीहरू सबै कोलाहल गरेकाले सजाँय भोगिरहेका थिए। अत: सबैले नदीको किनारामा अलग अलग पर्णकुटी बनाए र एकान्तमा मौन रहँदै विपश्यना ध्यान गर्न थाले। वर्षावास पूरा हुने समयमा त एक एक जना गरी सबै मुक्त भए। सबैले तीनै विधा प्राप्त गरे- दिव्य चक्षु प्राप्त गरे, पूर्वजन्मको स्मृति प्राप्त गरे र आस्रव क्षय विमुक्तिको अनुभूतिजन्य ज्ञान प्राप्त गरे। सबैजना अरहन्त भए। सबैको परिश्रम सफल भयो।

बर्षावास सकिएपछि भगवान पनि वज्जिदेशमा आउनु भयो र महावनको कूटागारशालामा विहार गरि रहनु भयो। भगवान बास्तवमा कसैमाथि अनुकम्पा गरेर नै दण्ड दिनु हुन्छ। उहाँको मन करुणाले सँधै भरिएको हुन्छ। बोधिचित्त द्वारा यसोज र उनका साथीहरूको गतिविधि थाहापाए, उनीहरूको उपलब्धि थाहा पाए। वग्गुमुदा नदी किनारामा पाँचसय एक जना अरहन्त भिक्षुहरू विहार गरिरहेका थिए। भगवानकों हृदय करुणाले भर्‍यो र आनन्दलाई बोलाउँदै भन्नु भयो–

आनन्द त्यस दिशामा जाने आलोक जाग्यो। हे, आनन्द त्यस दिशामा मन लैजाने प्रकाश जाग्यो। जहाँ

वग्गुमुदा नदीको किनारमा भिक्षुहरू विहार गरिरहनु भएको छ ।

महाकारुणिक धर्मपिताले निष्कासित गरेका आफ्ना तपस्वी धर्मपुत्रहरूलाई विहारमा बोलाए । सबैजना भगवान समक्ष हाजीर भए । साँझको समय थियो । भगवान ध्यान गरिरहनु भएको थियो । सबै भिक्षुहरूले भगवान कुन चित्तमा ध्यान गरिरहनु भएको हो आफ्नो चित्तद्वारा थाहापाए । उहाँ त्यतिवेला चौथो ध्यानमा स्थिर रहनुभएको थियो । सबैजना मौन पूर्वक भगवानको सामू बस्यो र आनेञ्ज समाधि अर्थात चौथो समाधिमा स्थिर रहे । **एतं बुद्धानवन्दनं** – यही बुद्धको सही वन्दना थियो । यसभन्दा असल वन्दना के हुन सक्ला र ?

जब तिनीहरू कच्चा साधक थिए, तब तीनजना भन्दा बढी भयो भने कोलाहल गर्दथे, परन्तु अब त सबैजना अरहन्त भइसकेका थिए त्यसैले एक साथ ध्यान गर्नु सुखको कारण बनेको थियो ।

**सुखा सङ्घस्स सामग्गी, समग्गानं तपो सुखो ॥**

संघको एकता सुखदायी हुन्छ र सामूहिक ध्यान गर्नु पनि सुखदायी नै हुन्छ ।

समय बित्दै गयो । दिन बित्दै गयो । रात बित्दै गयो । रातको पहिलो प्रहर बित्यो । भगवान र सारा भिक्षुहरू ध्यानस्थ थिए ।

आनन्द अरहन्त भएका थिएनन् । अतः उसले यस वस्तु स्थितिलाई बुझ्न सकेनन् । आनन्द चाहन्थ्यो कि भगवान उनीहरूलाई केही उपदेश देऊन् । आनन्द आफ्नो आसनबाट उठेर सम्मान प्रदर्शन गर्दै, चीवर एक काँधमा राखेर भगवान सम्मुख दुई हात जोडेर प्रार्थना गर्दै भने– "भन्ते राती भईसक्यो । रातको प्रथम प्रहर पूरा भईसक्यो । आगन्तुक भिक्षुहरू बसिरहेको धेरै बेर भइसक्यो । भगवान उनीहरूलाई कुशल मंगलका बारेमा सोधनुस् ।"

आनन्दको यस अनुरोधले भगवानलाई केही असर भएन । सबै समाधिस्थ थिए, सबै मौन थिए । भगवान पनि समाधिस्थ थिए, मौन थिए ।

रातको मध्य प्रहर समाप्त भयो । आनन्दको चिन्ता बढ्यो । विचारा यी भिक्षुहरू कत्तिबेर भईसक्यो बसीरहेको । उनले पुनः हात जोडेर भगवान संग प्रार्थना गरे त्यसको पनि केही असर भएन । चारै तिर निस्तब्धता छाएको थियो ।

रातको अन्तिम प्रहर पनि समाप्त भयो । पूर्वबाट सूर्यको किरण देखा पऱ्यो । आनन्दलाई असह्य भयो । सूर्य उदय भयो । आगन्तुक भिक्षुहरू त्यहीं थिए । "भगवान मंगल कुशलको बारेमा मात्र सोध्नु भए पनि हुन्थ्यो ।" भगवानले आँखा खोल्नु भयो र आनन्दलाई सम्झाउनु भयो– आनन्द यदि तिमीले थाहा पाएको भए अहिले पनि केही भन्दैन थियौ । यी सबै भिक्षुहरू र म चौथौं ध्यानमा समाधिस्थ थियौं ।

कोलाहलको अपराधका कारण विमुक्त भएका भिक्षुहरूले मौन रहेर आफ्ना शास्तालाई अभिवन्दना गरे । यदि आनन्दले न उठाएको भए यी ध्यानी शिष्यहरूका साथ धेरै समय बिताउनु हुन्थ्यो होला । भगवानको लागि त यो सजिलो थियो– आयुष्मान म समर्थ छुँ कि केही नबोलीकन मौन रहेर एक दिन मात्र होइन- दुई, तीन, चार, पाँच, छः, सात-सात दिनसम्म लगातार एकान्त ध्यान सुखको अनुभव गरेर बिताउन सक्छु ।

यसै प्रकार कतिपय शिष्य- शिष्याहरू पनि हलचल नगरीकन, नबोली, नखाई हप्ता दिन सम्म ध्यानको सुखद अनुभव गरेर बिताउँथ्यो । कोही-कोही त आफ्नो आसक्ति, सम्पूर्ण रुपमा खतम नभए सम्म अर्थात् विमुक्त नभए सम्म आसन नबदलिकन एउटै आसनमा बसिरहन्छन् । यस्ता साधकहरूद्वारा नै ध्यान केन्द्रको शोभा बढ्दछ । ध्यान स्थल शान्त भएमा नै यसरी बस्न सक्छन् भने साधकको प्रगतिको लागि एकान्त मौन द्वारा वातावरण अनुकूल बनाई राख्नु पनि नितान्त आवश्यक नै छ ।

*(साभार- बुद्ध वर्ष २५४४; चैत्र २०५७, वर्ष १५ अङ्क १२)*

❀ "बास्ना आउने फूलहरूको बास्ना हावा चलेको ठाउँतिर केही परपरसम्म मात्र पुग्दछ तर शीलवान व्यक्तिको सुगन्ध (कीर्ति) दशै दिशामा तथा देवलोकसम्म पनि फैलिरहन्छ । त्यसैले शीलवान र गुणी मानिसको नै जीवन सर्वोत्तम हुन्छ ।"

❀ "धनुधारी व्यक्तिले धनुलाई ठीक निशानातिर छोड़े जस्तै बुद्धिमान व्यक्तिले चञ्चल र अस्थिर चित्तलाई ठीक मार्गतिर मात्र लैजान्छ ।" –धम्मपद



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२१६

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**मातरं पितरं हन्त्वा - राजानो द्वेच खत्तिये**
**रट्ठं सा'नुचरं हन्त्वा - अनीघो याति ब्राह्मणो**

*अर्थ*– तृष्णा रुपि माता, अहंकार रुपि पिता, सास्वत र उच्छेददृष्टि रुपि दुई क्षत्रिय महाराज, द्वादशायतन- देश, राग अनुचरलाई हनन गर्ने ब्राह्मणलाई दु:ख हुँदैन ।

**मातरं पितरं हन्त्वा - राजानो द्वेच सोत्थिये**
**वेय्यग्घ पञ्चमं हन्त्वा - अनीघो याति ब्राह्मणो**

अर्थ– तृष्णा रुपि माता, अहंकार रुपि पिता, सास्वत र उच्छेददृष्टि रुपि दुई ब्राह्मण पञ्चनीवरण रुपी बाघलाई हनन गर्ने ब्राह्मणलाई कहिल्यै दु:ख हुँदैन ।

*घटना*– उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बस्नु हुँदा लकुण्टक भद्दिय स्थविरको कारणमा भन्नु भएको थियो ।

एक दिन केही भिक्षुहरू जेतवन विहारमा भगवान् बुद्धको दर्शन भेट गर्न आईपुगे । त्यही क्षण लकुण्टक भद्दिय स्थविर तथागतको अलि पर ठाउँबाट हिँडी राखेका आगन्तुक भिक्षुहरूलाई हेरीरहे । भगवान् बुद्धले तिनीहरूकै ध्यानाकर्षण हुने गरी भन्नुभयो– "भिक्षुहरू, ऊ हेर, उसले आफ्नो दुबै जना आमाबाबु लाई मारेर आफू दु:ख रहित भएर हिँडीराखेको छ ।"

तथागतको यस्तो अनौठो कुराको अभिप्राय भिक्षुहरूले बुझ्न सकेनन् त्यसैले त्यो कुराको अर्थ स्पष्ट पारीदिनु हुन भिक्षुहरूले अनुरोध गरे ।

तथागतले सांकेतिक भाषामा भन्नुभएको आफ्नो कुराको अर्थ यसरी प्रष्ट्याई दिनु भयो– माता र पिताको शब्द तृष्णा र अहंकारलाई लिएर संकेत गरिएको हो । शास्वत दृष्टि र उच्छेदवाद दृष्टिलाई दुईवटा राजा भनेर संकेत गरेको हो । पञ्चनीवरण आशक्तिलाई अनुचार, द्वादशायतन रागलाई राष्ट्र भनेर संकेत गरेको हो ।

यसप्रकार सांकेतिक भाषामा गर्नु भएको भगवान् बुद्धको धर्म देशना र गाथा सुनेपछि ती आगन्तुक भिक्षुहरूले अरहत्व फल लाभ गरे । ■

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

| | | |
|---|---|---|
| १. | मेगा इंग्लिश स्कूल, कीर्तिपुर (७ कक्षाका विद्यार्थीहरू) | ३३००/- |
| २. | विर्गिट विल्सन्, श्रीलंका | १०००/- |
| ३. | सत्यना शाक्य, लगन | ५००/- |
| ४. | चिनि शोभा कंसाकार, श्रीघ: | ५००/- |
| ५. | केशचन्द्र शाक्य, बनेपा | ३००/- |
| ६. | शान्ति अमात्य | २५०/- |
| ७. | मन्दिरा ताम्राकार, मरू टोल | २१०/- |
| ८. | शीलशोभा कंसाकार, श्रीघ: | २००/- |
| ९. | अन्जु नकर्मी | २००/- |
| १०. | भिक्षु त्रीरत्न, कपिलवस्तु | १५०/- |
| ११. | भिक्षु पञ्ञारतन, सुमंगल विहार | १५०/- |
| १२. | भिक्षु पञ्ञासार, सुमंगल विहार | १५०/- |
| १३. | तीस्स | ११५/- |
| १४. | रेस्मा शाक्य, बुद्धनगर | १०५/- |
| १५. | भिक्षु पियदस्सि, आनन्दकुटी विहार | १००/- |
| १६. | भिक्षु मिलिन्द | १००/- |
| १७. | भिक्षु अशोक, बलम्बु | १००/- |
| १८. | श्रामणेर उपालि, आनन्दकुटी विहार | १००/- |
| १९. | चम्पा महर्जन | १००/- |
| २०. | न्हुछे माया मानन्धर, श्रीखण्डपुर | १००/- |
| २१. | गणेशमान श्रेष्ठ | ५१/- |
| २२. | विष्णु प्रजापति | ५१/- |
| २३. | नाती महर्जन, नयाँबजार | ५०/- |
| २४. | भाईराजा | ५०/- |
| २५. | प्रशान्तदेव शाक्य | ५०/- |
| २६. | विकाश तुलाधर | ५५०/- |
| २७. | चन्द्रमाया शाक्य | ५००/- |
| | पचास भन्दा कम चन्दा एकमुष्ठ | १०९७/- |

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६५/७/२१ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६५/७/२८ | चमेली गुरुमां | थाई भन्ते फ्रा खु संघ टाक बुम्सोङ उपसमो |
| २०६५/८/१ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६५/८/५ | चमेली गुरुमां | भिक्षु कोण्डञ्य |
| २०६५/८/१२ | इन्दावती गुरुमां | धम्मवती गुरुमां |

# चोरको हृदय परिवर्तन

व्रिटेनमा एक चोरले आफूले चोरेर लगेको विषयमा पसले साहुसँग माफी माग्दै एउटा पत्र लेखी उसले चोरेको सामानको मूल्य पनि पत्रकै साथमा नत्थि गरी पठाएको रहेछ ।

**चोरले आफूले चोरेर लगेको सात वर्ष पछि पसले साहुसँग पत्र मार्फत माफी मागी सामानको मूल्य समेत चुकायो ।**

व्रिटेनमा ब्रिस्टल सहरमा राजा फुड्स नाम गरेको भारतिय खानपिन पसले साहु इमरान अहमदलाई यस "इमान्दार चोर" ले पत्र पठाएको रहेछ। चोरले त्यस पत्रमा आफूले गर्न पुगेको गलत कार्यलाई माफी माग्दै आफूले चोरेर लगेको सामानको मूल्य एकसय पाउण्ड पनि पत्रकै साथमा पठाएको रहेछ ।

त्यस चोरले पत्रमा यसरी लेखेको रहेछ–

"डियर सर ! मैले यस पत्र आफ्नो गलती सुधार्नका लागि लेखिरहेको छु ।"

पत्रमा लेखिएनुसार त्यस चोर पहिला एक लागु पदार्थको दुर्व्यसनी रहेछ। उसले सन् २००१ मा अहमदको पसलबाट चुरोट चोरेर लगेको रहेछ ।

पत्रमा उसले लेखेको छ,

"मैले चोरेर लगेको अवस्थामा म एक लागु पदार्थ दुर्व्यसनी थिएँ। अहिले म यस दुर्व्यसनीबाट मुक्त भइसकें। त्यसैले मैले एक इमान्दारी जीवन बिताउन लागें।"

त्यस भावुक पत्रमा अगाडी यसरी लेखिएको छ–

"मैले आफ्नो जीवन सुधार्ने सिलसिलामा यस निर्णयमा पुगें– कति पनि गलत कार्यहरू मबाट हुनपुगे, त्यसलाई मैले पनि जति सक्यो त्यति सुधार्दै लाने कोशिस गर्नेछु । त्यसैले मैले चोरेको चुरोटको मूल्य पनि यही पत्रको माध्यमबाट तिरेर पठाएको छु ।"

"मैले ठूलो गलती कार्य गरेको थिएँ । यसप्रति मलाई ठूलो लाजमर्दो महसूस भइरहेको छ । मैले आफ्नो भित्री हृदयदेखि माफी माग्दैछु ।"

आफूलाई क्षमा दिलाउन उसले यसरी अनुरोध गरी लेखिएको छ ।

साँच्चै भन्ने हो भने त्यस पसले साहु अहमदलाई त्यसबेला सम्म पनि आफ्नो पसलबाट चुरोट चोरी भएको विषयमा केही जानकारी नै थिएन । तर चोरको यस माफीनामा पत्रले भने अहमदलाई ज्यादै प्रभावित पारेको रहेछ। त्यसैले चोरले पठाएको त्यस एकसय पाउण्ड रकम अहमदले लागु पदार्थ दुर्व्यसनी विरुद्ध अभियान चालु गरिरहेको संस्थालाई नै सहयोगार्थ चन्दा दिने निर्णय गर्न पुगेको छ । ■

*नोट: "सन्ध्या टाइम्स" पत्रिका २०६५ कार्तिक २५ गते, सोमबारमा नेपालभाषामा प्रकाशित यस रोचक सत्य घटना सान्दर्भिक लागेको कारणले धेरैजसो पाठक वर्गले पनि जान्न सकुन् भन्ने मनसायले यसलाई नेपाली भाषामा रूपान्तर गरी छापिएको छ । -सं.*

- "पञ्चकामेन्द्रिय रूपी फूलहरू टिपिराख्न व्यस्त हुने व्यक्तिलाई तृष्णा पूरा नहुँदै मृत्युले यसरी [illegible] लगिदिन्छ जसरी रातमा सलसल निदाइरहेका ग्रामवासीलाई अचानक आएको बाढीले बगाएर लगिदिन्छ ।"
- "सर्वप्रथम आफूलाई उचित मार्गमा लगाऊनु अनि पछि मात्र अरूलाई उपदेश गर्नु, यसो गर्ने [illegible] क्लेश हुने छैन ।"
- "अरूलाई अनुशासन गर्दछ भने पहिले आफैं त्यस्तो बानी दिनुपर्दछ । आफूलाई दमन गर्नु [illegible] गर्नु ज्यादै गाह्रो कुरा हो ।"
- "आफू नै आफ्नो मालिक हो, आफ्नो मालिक अरू को हुन सक्छ ? आफूलाई राम्रोसँग दमन गर्न [illegible] दुर्लभ स्वामित्व प्राप्ति हुन्छ ।।"
- "आफूले गरेको पापले आफैलाई पीडा दिन्छ, मूर्खजनलाई आफूले गरेको पापले पत्थरबाट निस्केको [illegible] आफू निस्केका ढुंगालाई नै काट्छ ।।"

धम्मपद



Downloaded from http://www.dhamma.digital

# बुद्धशासनको इतिहास–३

■ भिक्षु अमृतानन्द

"त्यसो भए अर्को भिक्षुहरू साथ लिएर जाउ।"

यति कुरा सुनीसकेपछि आनन्द स्थविर धेरै भिक्षुहरू साथ लिएर कौशाम्बि नगरमा गई त्यहाँ उदेन राजाले प्रसन्नतापूर्वक दिएका सयकडौं चीवरदान दिन लिई घोषितारामम‌ा छन्न भिक्षुकहाँ गई छन्न भिक्षुलाई तथागतले ब्रह्मदण्ड दिनु भएको सबै कुरा बताई ब्रह्मदण्ड दिए। छन्न भिक्षु ब्रह्मदण्डको कुरा सुनेर सार्है दुखित भयो। शोक गऱ्यो; पश्चाताप गऱ्यो। पश्चातापको कारणले मन खिन्न गरी बिरह गरेर एकान्तमा बसी विदर्शना वृद्धि गरे। अन्तमा चित्तमल सबै नाश गरी अर्हत भयो। अर्हत भइसकेपछि वहाँ ब्रह्मदण्डबाट मुक्त भयो।

तथागतको परिनिर्वाणपछि सर्वप्रथम राजगृहमा सप्तपर्णी गुफामा प्रथम संगायना भएको कुरा उभयपाक्षिक–थेरवादी र महायानी–बौद्ध लोकले निर्विवाद स्वीकृती गर्छन्। यही विचार प्रकट गर्दै विलियम गाइगर महाशयले आफ्नो महावंश अनुवादको भूमिकामा यस्तो भन्नु भएको छ– The same is found in the later tradition Among the Northern Buddhist Sources dealing with the First Council I mention the Mahavastu. Here in agreement with southern tradition Kashyap is given as the originator of the council the number of the Bhikkhus taking part in it is stated to be 500 and the place the Saptaparna grotto near Rajagriha" * फाहियानले (४०० ई. मा यहि भनेका छन्। केवल ह्वयेन साँगले (६५० इ.) मा मात्र संगायनामा (१०००) एक हज्जार भिक्षुहरू छन् भनेका छन् भनी बिल महाशयको पुस्तकमा छ। ▮ यो प्रथम संगायना निर्मल बुद्ध धर्मको जरा हो। जग हो तथा मूल धर्मको भण्डार हो।

१) भगवान् परिनिर्वाण हुनु भएको दिन अथवा तिथि के हो ?

भगवान परिनिर्वाण हुनु भएको तिथि बैशाख पूर्णिमा हो अर्थात् सूर्यमास नक्षत्र क्रमको हिंसाबले बैशाख महिनाको १५ पन्ध्रौं दिनमा हो। यो धारणा बर्मा, लंका, थाइलैण्ड, क्याम्बोडिया तथा भारत (बासी) सबैमा छन्। तिब्बतमा पनि यस्तै छ। मूल पाली तथा संस्कृत बौद्ध वाङ्मयमा यसको प्रसस्त प्रमाण छन्। शासन बंशमा त बार समेत खुलेको छ जुन अनुसार बैशाख पूर्णिमा मंगलबार हो। समन्त पासादिकामा बैशाख पूर्णिमाको बिहान परिनिर्वाण हुनु भयो भन्ने भनी राखेको छ। *

जापानिहरूले फेब्रुअरी १५ तारिख मान्छन्।

○ फ्लीट (Fleet) महाशयको कुरा हेर्दा तथागतको जीवनमा बैशाख पूर्णिमाको नाउँ धेरै पटक आएकोले गर्दा संकास्पद छ भन्ने आशय प्रकट गरीराखेको छ। यो फ्लीट महाशयको कमजोरी तर्क जस्तो लाग्छ। शायद वहाँको मनमा शंका जस्तो भएको कारण यस्तो भएको हुनसक्छ; जुन कारण वहाँले अगाडि राख्नुभयो– सर्वास्तिवादी हुयेन साँगले भगवानको परिनिर्वाण आठौं महिनाको शुक्लपक्ष ८ का दिन भयो भनी बताएको छ रे। ■ तदनुसार गन्दा यदि वर्ष गन्ने तरिका भारतमा जस्तै भएदेखि कार्तिक शुक्ल ८ हुन आउँछ। किन्तु वर्ष गन्ने क्रम सबै ठाउँमा एकनाश छैन।

अति दूर देशमा यस विषयमा अलि फरक भए पनि अखण्ड चली आएको भारतीय आचार्यहरूको परम्परागत धारणानुसार तथा मूलपालीको प्रमाणानुसार निर्वाण दिन र तिथि बैशाख पूर्णिमा नै हो, तसर्थ महावंशमा भनेको छ:–

**"कुसिनारायं यमकसालानमन्तरे वरे।**
**वेसाख पुण्णमायं सो दीपो लोकस्स निब्बुतो** ○॥

भगवान परिनिर्वाण हुनु भएको बेलामा बिम्बिसार राजा स्वर्गवास भएको आठ (८) वर्ष भएको थियो। अजात शत्रुलाई अभिषेक प्राप्त भएको भयो। ✳

बिम्बिसार राजा भगवान भन्दा पाँचवर्षको कान्छो थियो। पन्ध्रवर्ष हुँदा उनलाई राज्य प्राप्त भयो।

अभिषेक प्राप्त गरी १६ वर्ष हुँदा राजा बुद्धको शरणमा गयो। त्यसपछि ३७ वर्षसम्म राज्यगरी ६७ वर्षको

* The Mahavansa, by Wilhelma Gieger p. tiv
▮ Beal's Buddhist Records, ipp. lx-lxi 162, 164, Legge's records of Buddhistic Kingdoms. 85
* विसाख पूण्णमि दिवसे पच्चूससमये अनुपादिसेसाय निब्बान धातुमा परिनिब्बुतो। – समन्तपासादिका
○ "The day on which Buddha died" J.R.A.S. 1909.
■ Beals's Buddhist Records of the Western World ii P. 33.
○ महावंश ३–२; दीपवंशमा पनि ५–१
✳ अट्ठवस्साभिसित्तस्स सम्बुद्धो परिनिब्बता– (दीप वंश ३–३० महावंश २–३२, समन्त पासादिका पृ. ४२)

उमेरमा स्वर्गवास भयो ।✳

(२) कुन महिनामा, कुन तिथिमा संगायनाको काम प्रारम्भ भयो तथा कति महिना बित्यो ?

समन्तपासादिकादि ग्रन्थमा भगवान परिनिर्वाण भई एक पक्षपछि✄ धर्मसंगायना गर्न महाकाश्यप महास्थविरले लाखौं भिक्षुहरूबाट ५०० प्रतिसम्भिदा लाभी अर्हत भिक्षुहरू छानियो भनी भनेका छन् ।

यस विषयममा दीघ निकाय अर्थकथामा स्पष्टरूपले प्रत्येक कुरा अलग अलग यस्तो भनेका छन्–

"भगवान परिनिर्वाण भइसकेपछि एक हप्तासम्म वहाँको सुवर्ण देहलाई पूजा सत्कार गरे । एक हप्तासम्म चितामा आगो बल्यो । एक हप्तासम्म धातु पूजा गरे ।– यसरी तीन हप्ता बिते✠ ।"

तीन हप्ता बितेर एकाइसौं (२१) दिनमा ज्येष्ठ मूल शुक्ल पक्षको पञ्चमीको दिन धातु विभाजन गरे✓।

यही बेला महाकाश्यप महास्थविरले शुभद्र भिक्षु-द्वारा प्रकाश भएको कुरा अगाडि राखी संगायनाको निम्ति ५०० भिक्षुहरू छान्नु भयो । भिक्षुहरू छानिसके पछि वहाँले यस्तो भन्नुभयो ।

"आवुसो गृष्मऋतु✕ डेढ महिना बाँकी छ। त्यसपछि वर्षावास बस्ने दिनभयो । तसर्थ सबै यथासमयमा राजगृह पुग्नुपर्छ✖ ।

यस सम्बन्धमा पनि दीघनिकाय अर्थकथाको निश्चयात्मक रूपमा वर्षावास बस्न चालिस दिन मात्र बाकी छ भनी स्पष्टीकरण दिइराखेको छ ।❑।

समन्त पासादिकामा सामान्य व्यवहारमा भनियो । दीघनिकाय अर्थ कथामा दिन गनेर निश्चितरूपमा भनियो । अतएव यथार्थ दिन बुझ्न पछिको कथानुसार निश्चय गर्नुपऱ्यो ।

यहाँ महिना गिन्तिको क्रम सुर्यमास क्रम हो । बुद्ध शाशनमा व्यवहार भइराखेको महिनाको हिसाब निम्न लिखित तालिका अनुशार जान्नुपर्छ । पालि साहित्यमा शासनिक कार्यमा तीन ऋतु मात्र व्यवहार गरिएको छ ।▲।

प्रत्येक ऋतुमा चार महिना र आठ उपोसथ हुन्छन् । प्रत्येक ऋतुको तृतीया र सप्तमी उपोसथ चातुद्दसी हुन्छन् । वर्षात् ऋतुको प्रथम दिनमा प्रथम वर्षावास गर्ने । द्वितीय वर्षावास गर्ने दिन वर्षात् ऋतुको दोश्रो उपोसथको भोलिपल्ट हुन्छ । अर्थात् यहाँ देखाइएको तालिका अनुसार श्रावण कृष्ण १ का दिन हुन्छ ।–

**उपोसथ हेमन्त ऋतु**– १–कार्तिक कृष्ण–१५, २–मंसीर शुक्ल–१५, ३–मंसीर कृष्ण–१४, ४–पुष शुक्ल–१५, ५–पुष कृष्ण–१५, ६–माघ शुक्ल–१५, ७–माघ कृष्ण–१४, ८–फाल्गुण शुक्ल–१५ ।

**उपोसथ गृष्म ऋतु**– १–फागुण कृष्ण–१५, २–चैत शुक्ल–१५, ३–चैत कृष्ण–१४, ४–बैशाख शुक्ल–१५, ५–बैशाख कृष्ण–१५, ६–ज्येष्ठ शुक्ल–१५, ७–ज्येष्ठ कृष्ण–१४, ८–आषाढ शुक्ल–१५ ।

**उपोसथ वर्षा ऋतु**– १–आषाढ कृष्ण–१५, २–श्रावण शुक्ल–१५, ३–श्रावण कृष्ण–१४, ४–भाद्र शुक्ल–१५, ५–भाद्र कृष्ण–१५, ६–असोज शुक्ल–१५, ७–असोज कृष्ण–१४, ८–कार्तिक शुक्ल–१५ ।

यसरी महापरिनिर्वाणको २१ सौं दिनको भिक्षुहरू छानेर उनी महास्थवीरहरू आफ्नो–आफ्नो बाटो लागे । क्रमसः संगायनामा जानुपर्ने भिक्षुहरू सबै आषाढको शुक्लपक्षमा राजगृहमा पुग्न गए ।✹ अनि त्यहाँ महास्थवीर हरू सबै भेलाभई आषाढ पूर्णिमाको दिन गृष्म ऋतुको अन्तिम उपोसथ गरी त्यसको भोलिपल्ट आषाढ कृष्ण प्रतिपदाको दिन वर्षावास समादान गर्नुभयो । यतिबेला महास्थविरको बीचमा यस्तो सल्लाह भयो कि वर्षाद्को प्रथम महिना भरी विहार प्रति संस्कारणादि गर्नुपर्ने काम गरी दोश्रो महिनामा धर्म संगायना गरौं ।❈

*क्रमशः*

✳ महावंश २–२६; ३० दीपवंश ३–५६, ५९
✄ परिनिब्बाणतो अड्ढमासो अतिक्कन्तो– समन्तपासादिका पृ. ५
✠ सुमङ्गलविलासिनि पृ. ५
✓ जेट्ठमूल सुक्कपक्क पञ्चमीयं पन धातुयो भाजयिंसु सुमङ्गल विलासिनी; पृ. ५
✕ फग्गुनस्स कालम्हा याव आसल्हि पुण्णमा । गिह्म कालोति विञ्ञेय्यो अठ्ठहोन्ति उपोसथा ।– विनयत्थ मञ्जुसा पृ. १३
✖ इदानि गिम्हानं दियड्ढो मासो उपकट्ठा च वस्सूपनायिकाति समन्तपासादिका पृ. ५
❑ आवुसो इदानि तुम्हाकं चत्तालीस दिवसो ओकासो–सुमङ्गल विलासिनी पृ. ५
▲ चतुरो चतुरो मासा, कत्तिक कालपक्खतो । कमा हेमन्त, गिम्हान, वस्सान उत्तुयो । – अभिधानप्पदीपिका ७८
✹ उपागुं राजगहं, आसाल्हिं सुक्कपक्खम्हि, सुक्कपक्ख ठितितिथिका । सम्पन्न चतु पच्चयं ॥ महावंश ३–१४ ।
❈ हन्द मयं आवुसो पठमं मास खण्डफुल्ल पटिसंखरणं करोम, मज्झिम मासं सन्निपतित्वा धम्मंच विनयंच संगायिस्साम । – चूलपग्ग पृ. ४०६



Downloaded from http://www.dhamma.digital

# केही बौद्ध विश्वासहरू...२

■ ले. के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर

## ईश्वरवाद

**ईश्वरप्रतिको विश्वासको मान्यता वा सच्चाइ मानिसको समझदारी र बुद्धिको परिपक्वतामा निर्भर गर्दछ ।**

**१. ईश्वरवादको विकास**

ईश्वरवादको उत्पति र विकास पत्ता लगाउन हामीले त्यस युगलाई सम्झनु पर्छ जब सभ्यता वाल्यावस्थामा नै थियो र विज्ञान अपरिचित थियो। त्यस समयमा मानिसहरूले भय र प्राकृतिक नियम प्रतिको सराहनाको कारणबाट विभिन्न प्रकारको ईश्वर र आत्माहरूमा विश्वास गरी वसे। तिनीहरूले ती आत्मा र ईश्वर मिलाएर आ-आफ्ना धर्म पनि वनाउन थाले । तिनीहरूले आ-आफ्नै प्रकारको वातावरण र बुझ्ने क्षमता अनुसार विभिन्न प्रकारको ईश्वर र विश्वासको स्थापना गरे।

ईश्वरवादको शुरूवातमा मान्छेहरूले धेरै देवताहरूको पूजा गर्थे– रूखको, खोलाको, आकाशमा चम्किने विजुलीको, आँधिको, हावाको, सूर्य एवं अरू अनगिन्ति प्राकृतिक (भौगोलिक) नियमहरूको। यी प्रत्येक एवं सम्पूर्ण देवताहरू प्राकृतिक नियमसँग सम्बन्धित थिए। विस्तारै मान्छेहरूले देवतालाई विभिन्न रूप, लिङ्ग, एवं मनुष्यहरूका अरू धेरै भौतिक र मानसिक स्वभाव दिन थाले । यी देवताहरूलाई प्रेम, घृणा, इर्ष्या, डर, घमण्ड, डाह जस्ता मानवीय गुणहरू तथा मान्छेमा हुने अरूपनि भावनाहरू दिइए। यी सबै देवताहरूबाट विस्तारै यस्तो धारणा हुनथाल्यो कि ब्रह्माण्डको सिद्धान्त धेरै नभइ एउटै मात्र छ। यस धारणाबाट नै अहिलेको एक ईश्वरवादको (परमेश्वर एउटै मात्र छ भन्ने वाद) विकास भएको हो।

विकासको क्रममा ईश्वरवादले सामाजिक एवं वैचारिक मान्यताका विभिन्न परिवर्तन सित गुज्रिनु पऱ्यो। यसलाई विभिन्न मान्छेहरूले विभिन्न रूपले लिएका थिए। कसैले ईश्वरलाई पृथ्वी र स्वर्गको व्यक्तिको रूप दिए, उनीहरूले ईश्वरलाई एक व्यक्तिको रूप दिए। अरूले ईश्वरलाई भावनात्मक ( देख्न नसकिने ) रूपमा लिए : कसैले सर्वोच्च दैत्यको रूपमा स्वर्गसम्म पुऱ्याए भने कसैले पृथ्वीको पिंधसम्म झारेका थिए। कसैले ईश्वरलाई स्वर्गको चित्रमा राखें भने कसैले उसको मूर्ति बनाएर पूजा गरे। कसैले यतिसम्म पनि भने कि ईश्वर विना मोक्ष प्राप्त गर्नै सक्दैन चाहे तिमीले जतिसुकै राम्रो गरेको किन नहोस्। ईश्वरमा विश्वास नगरेसम्म तिमीले आफ्नो कार्यको फल पाउन सक्दैन । ईश्वरवादीहरूले यसलाई स्वीकार गरेर ईश्वर साँच्चै नै छ भन्ने विश्वास गरे। अनिश्वरवादीहरूले यसलाई स्वीकार गरेन र वास्तवमा इश्वर छँदै छैन भन्न थाले धर्ममा बिश्वास नराख्नेहरूले "हामीहरूलाई थाहाँ छैन या हामी भन्न सक्दैनौं भने। यथार्थवादीहरूले ईश्वर छ छैन भन्ने एउटा सारहीन बिवाद मात्र हो, किनभने 'ईश्वर' शब्दको अर्थ के हो भन्ने स्पष्ट छैन भने। यसले ईश्वरवाद बारे विभिन्न विचार, विश्वास एवं नामहरू विकास भएको छ । मूर्ति भक्ति, आकाररहित ईश्वरमा विश्वास, धेरै ईश्वर र देवीहरूमा विश्वास एवं हालको एउटै परमेश्वरवादमा पनि विभिन्न राष्ट्र एवं व्यक्तिकहाँ पुग्दा खेरी धेरै प्रकारको पतिवर्तन भइसकेका छन्। हिन्दु ईश्वर इसाई ईश्वरमा धेरै फरक छ। त्यस्तै इसाई इश्वर अरू धर्मको ईश्वर भन्दा फरक छ। त्यसैले अनगिन्ति धर्महरूको स्थापना भएको छ। सबै एक आपसमा भिन्न छन् र साथै सबैले ईश्वर एउटै छ भन्छन्।

**२. ईश्वरवाद र सृष्टि**

सबै धर्महरूको उत्पति र विकास ईश्वर सम्बन्धी विचारको आधारमा नै भएकोले ती धर्महरूमा सृष्टिको वारेमा आ-आफ्नै प्रकारको तर्क छन्। त्यसैले ईश्वरवाद विभिन्न धार्मिक व्यवस्थाहरू भित्रबाट शुरू भएका छन्। ईश्वर सित विभिन्न पुराणहरू जोडिएका छन्। मानिसहरूले मानिसको अस्तित्व र जीवनको प्रकृतिवारे आ-आफ्नो तर्क दिन ईश्वरवादलाई याव (सजिलो साधनको) रूपमा प्रयोग गरे।

आज समझदार मान्छेहरू सबै प्राप्त लक्ष्यहरूको आधारमा यो निस्कर्षमा पुगेका छन् कि ईश्वरवाद जस्तै विभिन्न सृष्टि सम्बन्धी कथा ( पुराण ) पनि प्राकृतिक नियमलाई नजानेको कारणबाट शुरू भएको मानव कल्पनाको विकास-क्रमको रूप मात्र हो। यी गलतफहमीको कारण त्यसताकाका मान्छेहरूमा रहेको डर र त्रास नै थियो । आज पनि मानिसहरू सृष्टि सम्बन्धी उहिलेका व्याख्यानलाई विश्वास गर्दछन्। हालका वैज्ञानिक सोचाइको आधारमा ईश्वरवादीहरूको 'ईश्वरको' परिभाषा अस्पष्ट छ त्यसैले आजको सृष्टि सम्बन्धी सिद्धान्त वा व्याख्यानमा यस्को कुन स्थान छैन।

यदि मान्छे कुनै वाहिरिया स्रोतबाट सृष्टि गरिएको भए उ त्यसै स्रोतको अधिकारमा हुनुपर्छ र ऊ आफैको हुँदैनथ्यो। बौद्धहरू मान्छे आफैंको अधिकारमा छ र उसले गरेका सबै कामका लागि उ आफै जिम्मेवार छ भन्ने विश्वास गर्दछन्। त्यसैले कुनै बाहिरिया स्रोतबाट मान्छेको रूपमा उसको उत्पति भएको थियो भन्ने विश्वास गर्ने बौद्धहरूलाई कुनै कारण नै छैन । उनीहरू यो विश्वास

गर्छन् कि उसको आफ्नो कार्यबाट नै ऊ आज यहाँ भएको हो । ऊ कसैद्वारा पनि दण्डित वा पुरस्कृत हुँदैन । बरू उसको आफ्नै असल वा खराव कार्यहरूबाट मात्रै हुन्छ । जीवहरूको बिकास-क्रममा ( Evolution ) मानव रूपको शुरूवात भएको हो । यो संसार कसैले सृष्टि गरेको हो भन्ने कुरा जनाउने बुद्धले केही भन्नु भएको छैन । संसार-पद्धतिको क्रमिक विकासको वैज्ञानिक तथ्यले बुद्धको शिक्षालाई प्रमाणित गर्छ ।

### ३. मानवीय कमजोरी र ईश्वरवादी धर्म

ईश्वरवादी र जससँग सम्बधित सृष्टिको कथाहरूको संरक्षण एवं रक्षा ईश्वरवादी धर्महरूले गरेका छन् जसको लागि यी धारणाहरू यी धर्महरूलाई आफ्नो अस्तित्व एवं मानव समाजमा यसको उपयोगिता प्रमाणित गर्न यस्ता धारणाहरू आवश्यक छन् । सब ईश्वरवादी धर्महरूले आ-आफ्नो ग्रन्थलाई देववाणी भनेर दावी गर्छन् अर्को शब्दमा ती सबैले आफ्ना ग्रन्थहरू ईश्वरद्वारा सिधा आएका भन्ने बताउँदछन् । प्रत्येकले आफ्नो धर्म विश्वशान्ति, विश्व-भाइचारा एवं अझ यस्तै उच्च आदर्शको लागि रहेको दावी गर्दछन् । धर्मको आदेश जतिसुकै ठूलो भएतापनि विश्व-इतिहासले यही बताउँदछ कि अहिले सम्म पनि धर्मले अन्धविश्वास फैलाउनमा सघाउ पुऱ्याएका छन् । कोही कोहीले विज्ञान र ज्ञानको अभिबृद्धिको विरोध गरे जसले गर्दा झगडा, नराम्रो भावना, हत्या एवं लडाई शुरू भए । यस परिप्रेक्षमा ईश्वरवादी धर्महरू मानवता प्रकाश पार्ने (ज्ञान दिने) प्रयासमा असफल भएका छन् । उदाहरण स्वरूप कुनै कुनै देशहरूमा जब मान्छेहरू (ईश्वरसँग) दयाको लागि प्रार्थना गर्छन् उनीहरूको हातबाट निर्दोष जनावरको अझ कहिले काहि आफ्नै मानव भित्रको घृणित बलिबाट रगताम्य भएका हुन्छन् । यी विचरा असहाय जीवहरूको हत्या काल्पनिक एवं अदृश्य देवताहरूको मन्दिर हरूमा गरिन्छन् । धर्मको नाममा गरिने निस्ठुर परम्पराको तुच्छतालाई बुझ्न मान्छेहरूलाई धेरै समय लागेको छ । विशुद्धिको सच्चा मार्ग त प्यार र समझदारी नै हो भन्ने कुरा उनीहरूले कहिले महशुस गर्छन् होला ?

ईश्वरवादी धर्मको अर्को कमजोरी यही नै हो कि उनीहरू ईश्वर विना मोक्ष पाउँदैन भन्छन् । कुनै मान्छे उच्चतम गुणहरूको शिखरसम्म पुगेको हुनसक्छ, र उसले शुद्धरूपले जीवन यापन गरेको हुनसक्छ तैपति ऊ सदाको लागि नर्क जानु पर्ने हुन्छ । सिर्फ यतिको लागि कि उसले ईश्वरको अस्तित्वलाई स्वीकार गरेन । अर्कोतर्फ कसैले अति पाप गरेको हुनसक्छ तैपनि यसपछि एकपटक पश्चाताप गरेपछि उसलाई माफी दिन सकिन्छ र ईश्वरको लागि उसलाई 'बचाइन्छ' । बौद्ध दृष्टिकोण अनुसार यस प्रकारको शिक्षा न्यायसँगत छन ।

ईश्वरवादी धर्महरूको यस्ता कमजोरीहरूको बावजुद पनि ईश्वर रहित सिद्धान्तको प्रचार गर्नु उचित छैन । किनभने ईश्वर प्रतिको विश्वासले गर्दा मानवता प्रति ठूलो सेवा पुऱ्याएको छ खास गरी जहाँ देवताहरू प्रतिको विश्वास आवश्यक परे । ईश्वर प्रतिको विश्वासले गर्दा मान्छेलाई उसको पशु स्वभावको नियन्त्रण गर्न मदत गरेको छ त्यस्तै ईश्वरको नाममा अरूको लागि त्यतिको धेरै सहयोग गरेका छन् । यसरी नै ईश्वर प्रतिको विश्वास विना मान्छेले असुरक्षाको अनुभव गर्दछ । जब उसको मनमा यो विश्वास हुन्छ तब ऊ सुरक्षा र उत्साहले पूर्ण हुन्छ । यस्ता विश्वासको वास्तविकता वा वैधता उसको बुझ्ने क्षमता र आध्यात्मिक परिपक्वतामा निर्भर गर्दछ ।

धर्मको असफलताको मुख्य कारण मान्छेहरूलाई आफ्नो धर्मलाई एउटा पूजा गर्ने साधनको रूपमा मात्रै लिन लगाउनु हो । यसको मतलव-धर्मको एउटा अत्यावश्यक जीवन-पद्धतिको रूपलाई मृत प्राय र मात्र औपचारिकतामा सीमित राखिनु हो । जब कुनै धर्मले यस्तो अवस्था आउन दिन्छ, तब धर्म कुनै महत्वको हुनबाट बञ्चित भएर वास्तवमा एउटा अवरोध भएको हुन्छ ।

तथापि यसको कारण धर्म होइन बरू ती व्यक्तिहरू जसले धर्मलाई सञ्चालन गर्छ र जसले आफ्नो धर्मप्रति अन्ध श्रद्धाको माँग गर्छन् (राख्न लगाउछ) फेरि यस्तो अन्धश्रद्धाले एकै धर्म भित्र एवं धर्महरू बीच आफ्नो दल (मत) को भावना एवं अरू प्रकारका साम्प्रदायिक गलत भावना ल्याउँछ । यसरी धर्महरू आफ्ना उच्च आदर्शको बावजुद पनि मानवतालाई ज्ञान दिनमा असफल रहेका छन् । धर्म हाम्रो व्यवहारिक जीवनसँग सम्बन्धित हुर्नुपर्छ । विश्वमा राम्रो आचरण गर्नेलाई मार्गदर्शनको रूपमा यसलाई प्रयोग गर्नुपर्छ । धर्मले हामीलाई के गर्नुपर्छ र के जान्नु पर्दछ भन्ने बताउँछ । यदि हामीले जो चाहिने हो त्यो गर्न जान्दैनौं र बुझ्दैनौं भने हाम्रो दैनिक जीवनमा धर्म कुनै महत्व र अर्थको हुँदैन ।

अर्कोतिर यदि विभिन्न धर्मका अनुयायीहरू झगडा गर्छन् र अरूको धर्मको विश्वास र प्रचलनलाई निन्दा गर्छन्-विशेषत: ईश्वर-अस्तित्व प्रमाणित वा अप्रमाणित गर्नमा र यदि उनीहरू फरक फरक धार्मिक दृष्टिकोणको कारणले अरू धर्मप्रति द्वेष र घृणाको भावना फैलाउँछन् भने तब तिनीहरू विभिन्न धार्मिक समुदायहरू बीच ठूलो खिँचातानी पैदा गरीरहेका छन् जे जस्तो धार्मिक असमानता भए पनि सहनशीलता, धैर्यता एवं समझदारी पनाको अभ्यास गर्नु हाम्रो कर्तव्य हुन आउँदछ । हामीले स्वीकार गर्न नसकेतापनि अर्को मान्छेको धार्मिक विश्वासलाई सम्मान गर्नु हाम्रो कर्तव्य हो । सौहाद्रपूर्ण एवं शान्तिपूर्वक जीउनको लागि सहनशीलताको आवश्यक छ । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# मनुष्य जीवनको सार्थकताका लागि धर्मको भूमिका र महत्त्व

■ भिक्षु अश्वघोष

यो विषय राम्रो हो तर अति गम्भीर पनि हो । मनुष्य जीवनको सार्थकताको लागि धर्मको भूमिका वास्तवमै महत्वपूर्ण छ । मनुष्य जीवन राम्रो पार्न र सार्थक बनाउन धर्म नभई हुँदैन । धर्म भन्नाले कस्तो धर्म हो त ?

कहीं देवताकहाँ गएर धूप पुष्प लिएर पूजा गर्नेलाई धर्म भनिन्छ कि ? त्यति मात्र गरेर यो जीवन सार्थक हुँदैन । मानिसको बानि व्यवहार सबै राम्रो हुनुपर्छ । भगवान् बुद्धले भन्नुभएअनुसार पनि मानिसको जीवन राम्रो र सार्थक बनाउनको लागि केही अंगहरू सिद्ध हुनुपर्छ । ती हुन्–

१) खानेकुरा मिल्नुपर्छ । यसलाई पालि भाषामा **आहार सप्पाय** भनिन्छ ।

२) बस्ने ठाउँ मिल्नुपर्छ । यसलाई **विहरण सप्पाय** भनिन्छ ।

३) राम्रो- मानिसको वातावरण हुनुपर्छ । बस्ने ठाउँमा नराम्रो, झगडालु, कुरा नमिल्ने मानिसहरू पऱ्यो भने जीवनको सार्थकता हुन सक्दैन । त्यस्तै बस्ने ठाउँमा सरूवा रोग भएकाहरू भएमा पनि जीवन सार्थक हुँदैन ।

४) मौसम अनुसार लुगा लगाउन पाउनुपर्छ । जाडोमा बाक्लो, न्यानो लुगा लगाउने र गर्मीमा पातलो लुगा लगाउनु पर्छ । यही नभएर नै हो, हालसालै सरकारले कमैया प्रथालाई हटाइदियो । ती कामदार हरू साहुको घरमा नबसी अलग्ग बस्नुपर्दा जाडोबाट बच्ने ठाउँ भएन, लुगा भएन । उनीहरू फेरि-फेरि उही मालिकहरूको शरणमा पर्न बाध्य भए । हामीले बरोबर सुनिरहेको कुरा हो, भारतमा जाडोले धेरै मानिसहरू मरिरहेका ।

५) विचारधारा पनि मिल्नुपर्छ । यो सबैभन्दा ठूलो समस्या हो । विचारधारा मिलेन भने जीवन सार्थकता हुँदैन, झैझगडा र कलह मात्र भइरहन्छ । शान्ति हुँदैन ।

यी पाँच कुराहरू मनुष्य जीवन सार्थकताको लागि अति आवश्यक हुन्छ । यसका साथै मनुष्यहरूको व्यवहार पनि राम्रो हुनुपर्छ ।

एउटा परिवार छ । विहारमा गइरहेको, भिक्षुहरूको उपदेश सुनिरहेको । त्यसैले उनीहरूको व्यवहार र बानि अरूभन्दा फरक छ । उनीहरूले घरमा जहिले पनि भनिराख्छ, हामी बुद्धकहाँ गइरहेको, कथा सुनिरहेको । हाम्रो व्यवहार अलि भिन्न हुनुपर्छ । झगडा गरिरहनु हुँदैन । रीस उठे पनि होश राखेर दमन गर्नुपर्छ ।

उनीहरूको एक छोरी थिइन् । तिनी तरूनी भइन् । विवाह गर्ने बेला भयो । विवाह चार दाजुभाई भएको घरमा पऱ्यो । तसर्थ आमा बुबाले भने– हेर छोरी, तिम्रो विवाह हुन लागेको घरमा चार दाजुभाई छन् । तिमीले प्रयत्न गर्नुपर्छ, कुनै झगडा हुन थाल्यो भने त्यसको कारण पत्ता लगाइ हटाउनुपर्छ । तिमीले दिलैदेखि काम गर्न सक्नुपर्छ, अल्छी नहुनू । तिमीले भइआएको झगडालाई हटाउन सक्यो भने हामी विहारमा गइरहेको सार्थक हुन्छ । तिमीले यो कुरा बिर्सनु हुँदैन ।

तिनीलाई विवाह गरेर पठाए । विवाह भएको एकाध महिनासम्म कुनै झगडा देखिएन । त्यसपछि बुहारी र सासु बीचमा झगडा देखिन थाल्यो । झगडाको मूल कारणनै आ-आफूले गर्नुपर्ने कर्त्तव्य पालन नभएकोले हो । आफ्नो काम गर्ने बेलामा बुहारीहरू पनि माइतीमा गएर बस्न जान्थे । सासुले पनि भएको छोरीलाई केही काम नगराई बुहारीहरूलाई मात्र जोताइरहन्थे । यता विहारमा गइरहेकी बुहारीले दिदीहरू काम गरिरहेको ठाउँमा गएर भन्न जान्थिन्– म पनि यहाँ सहयोग गर्नसक्छु कि ? म पनि काम गरिदिन्छु ।

त्यसबेला दिदीले भन्थी– तिम्रो पालो पनि आउँछ बुहारी, तिमीले पनि यसरी नै भात पकाउनुपर्छ ।

तिनीले भनिन्– मेरो पालो आउने भएर नै म यहाँ सहयोग गरेर काम सिक्न चाहन्छु । यहाँका हरू पिरो, अमिलो कस्तो खानुपर्ने हो थाहापाउनु पऱ्यो नि । त्यसैले मलाई पनि सिकाइदिनुस् न ।

तिनीले अरूहरूलाई पनि भनिन्– तपाईंहरू माइती जानुपर्छ भने जानुभए पनि हुन्छ, सबै काम म गरिदिन्छु ।

अरू बुहारीहरूले भन्न थाले– ए, कस्तो बुहारी होला ? कसैले पनि त्यस्तो भन्दैनन् । सबै काम आउँदा सबै छाडेर माइती भाग्छन् । यो भने जानु परे जाऊ, काम सबै गरिदिन्छु पो भन्छ ।

सासुले पनि तिनीलाई भनिन्– हे बुहारी, तिमी जान्ने भएर किन सबैको काम गरिरहन्छौ ? उनीहरू अल्छी होलान् । सबै काम तिमीले मात्र गरिरहनु पर्ला । बढी जान्ने भएर काम गर्नु राम्रो होइन ।

सासुका कुरा सुनेर तिनीले भनिन्- आमा, म यहाँ आएको एक वर्ष हुनलाग्यो । पहिला यहाँ झगडा मात्र हुन्थ्यो । अब यहाँ झगडा त्यत्ति हुँदैन । यो राम्रो हो कि नराम्रो ? यसरी सबैले आ-आफ्नो काम दिलैदेखि जानेर गरे भने कलह नै हुँदैनन् नि । त्यसैले नै म यो काम गरिरहेको छु ।

यो कुरा सुनेर सासुले विचार गरिन् र पछि सोधिन्– बुहारी, तिमीले यस्तो कुरा कहाँबाट थाहा पायौ ?

तिनीले भनिन् – हो, आमा, मेरो घरमा आमाबुबा बरोबर भगवान् बुद्धकहाँ जाने, उपदेश सुन्ने गर्नुहुन्छ । म पनि त्यसरी नै बुद्धकहाँ गएर उपदेश सुनिरहेकी हुँ । फेरि मेरो बिवाह हुने बेला पनि आमाबुबाले मलाई दिलैदेखि काम गर्न अल्छी नहुने र विहारमा गइरहेकोलाई इज्जत नजानेगरी व्यवहार गर्नु, झगडा भएमा कारण जानेर हटाउन सक्नु भनी सिकाएर पठाउनुभएको थियो ।

सासु– ए, तिम्रा आमा बुबाले यस्तो सिकाएर पठाएको । अनि भन्तेहरू भनेको के हो त ?

बुहारी– भन्ते भनेको भिक्षुहरूलाई भनिन्छ, जो केटा हो । केटीहरूलाई भिक्षुणी भनिन्छ । उहाँहरूले यस्ता राम्रा उपदेशहरू दिनुहुन्छ ।

सासु– ए, भन्तेहरूले यस्तो कुरा सिकाउनु हुन्छ र ? यो त साच्चै राम्रो कुरा भयो नि । मैले त उनीहरूले केवल दान लिने उपदेश मात्र सुनाउँछ भन्ठानेको । म पनि अबदेखि छोरीलाई काम नगराई राख्दिनं, बरू चाहिने कामहरू सिकाइराख्छु ।

त्यसपछि सासुले आफ्नो छोरीलाई पनि तालिम दिइन् । कान्छी बुहारीको कारण त्यो घरमा झैझगडा भएन । विहारमा गएर राम्रो कुरा सिकिराखेको हुनाले ती बुहारीले घरमा शान्ति ल्याउन सकिन् । जीवनलाई सार्थक बनाउन सकिन् ।

यहाँ विचार गर्नुपर्ने हो, मनुष्य जीवन सार्थकको लागि धर्मको भूमिका कस्तो हुन्छ भन्ने कुरा उक्त घटनाले पनि स्पष्ट पारिरहेको छ । केवल देवी देवताकहाँ गएर फूल आदि चढाउँदैमा धर्म हुने होइन । यो कुरामा एकपल्ट ध्यान दिनुपर्छ जस्तो लाग्दछ ।

जीवन सार्थकताको लागि धर्मको भूमिका बारे स्पष्ट पार्नको लागि अर्को एउटा पनि बुद्धकालीन घटनालाई यहाँ उल्लेख गर्दछु ।

एकजना साहु थियो । ऊ जवान थियो । पैसा पनि धेरै थियो । राम्रो थियो । उसका साथीहरू पनि थिए । साथीहरू भने भगवान् बुद्धकहाँ गएर कथा सुन्न जानेहरू थिए । उनीहरूले कथा सुनेसरी ती मित्र साहुकहाँ गएर भन्न जान्थे– हे साथी, पैसा मात्र भएर पुग्दैन, ठूलो घर मात्र भएर पुग्दैन । भगवान् बुद्धकहाँ गएर कथा सुन्न गए मन बलियो हुन्छ । कहिले काहीं भगवान् बुद्धकहाँ गएर कथा सुन्न पनि हुन्छ, धेरै टाढा छैन ।

त्यसबेला त्यो साहुले भन्छ– मलाई त्यस्तो कुरा सुनाउन नआऊ । मलाई बुद्धको कुरा नसुनाऊ । बुद्धकहाँ गयो भने मोजमज्जा गर्नुहुँदैन, धेरै पैसा खर्च गर्नुहुँदैन भनेर सुनाउँछ । मलाई के चाहियो र ? मसंग धन छ, बल छ, तिमीहरू जस्तो साथीहरू छन् । मलाई धर्मको कुरा नसुनाऊ । मलाई धर्मप्रति रूचि छैन ।

धेरैपल्ट साथीहरूले कुरा सुनाए तर उसले पटक्कै मानेन ।

पछि त्यो साहु विस्तारै बुढा भएर आयो । छोराहरूलाई पनि पैसा बाँडेर दियो । आफूले काम गर्न सकेन । व्यवहार पनि नराम्रो भएर आयो । छोरा बुहारीले बूढा भनेर हेप्न थाल्यो । उसलाई त कहिले यस्तो बूढा पनि हुनुपर्ला भनेर विचारै थिएन । अब बुढो हुँदा उसलाई मनमा शान्ति भएन । आफू थोरै समयको लागि बाँच्ने हुँदा पनि अशान्ति भएकोले चिन्तित भयो । मर्ने बेलमा एकपल्ट राम्ररी खाएर मस्तले निदाउन पाए हुन्थ्यो जस्तो लाग्न थाल्यो ।

उसले विचार गर्न थाल्यो, अब कसरी शान्ति पाउने, कसरी सुख पाउने ? उसले युवा अवस्थामा साथीहरूले सुनाएको कुरा याद गऱ्यो, बुद्धकहाँ गएर उपदेश सुन्न गयो भने जीवन सुखमय हुन्छ, आनन्दमय हुन्छ । ऊ विहार मा बुद्धकहाँ गएर उपदेश सुन्ने निश्चय गऱ्यो ।

ऊ विस्तारै घरबाट निस्क्यो । दायाँबायाँ हेऱ्यो कोही साथीहरू छन् कि भनेर । साथीहरूलाई विहार लानको लागि होइन कि उनीहरूले देखे भने आफूलाई हेप्ला कि भनेर हो । बाहिर कोही साथीहरू देखेन । ऊ सरासर विहार मा गयो । बुद्धलाई अभिवादन गरी एक्छेउमा बस्यो ।

बुद्ध– आज किन हो साहुजी अचानकै विहार आउनुभयो ?

बूढा– हो भगवान् शास्ता, म तपाईंसमक्ष आफ्नो मनको कुरा सुनाउन आएको । सुनाउन हुन्छ कि ?

*क्रमशः*


Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न – १९

## (दोस्रो परिच्छेद)

■ अनु. आनन्द प्रधान

**२५. मनोविज्ञान हुनाले वेदना पनि हुन्छ**

राजाले भन्नुभयो– "भन्ते ! जहाँ मनोविज्ञान उत्पन्न हुन्छ त्यहाँ के वेदना पनि हुन्छ ?"

"हो महाराज ! जहाँ मनोविज्ञान हुन्छ त्यहाँ स्पर्श पनि हुन्छ, वेदना पनि हुन्छ संज्ञा पनि हुन्छ चेतना पनि हुन्छ, वितर्क पनि हुन्छ, विचार पनि हुन्छ । स्पर्शले हुने सबै धर्महरू हुन्छन् ।"

**(क) स्पर्शको पहिचान**

"भन्ते ! स्पर्शको पहिचान के हो ?"

"महाराज ! 'छुनु' स्पर्शको पहिचान हो ।"

१. "कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! दुईवटा भेंडाहरू जुध्छन् ती दुईमध्ये एउटा भेंडालाई चक्षु सम्झिनुपर्छ र अर्कोलाई रूप ! जुन ती दुई भेंडा जुध्नु हो त्यसलाई स्पर्श सम्झिनुपर्छ ।"

२. "कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कसैले ताली बजाउँछ । त्यसमा एउटा हातलाई चक्षु र अर्कोलाई रूप सम्झिनुपर्छ । जुन दुवै हात मिल्नु हो त्यसलाई स्पर्श सम्झिनुपर्छ ।"

३. "कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कसैले झ्याली बजाउँछ । त्यसमा एउटा पातलाई चक्षु र अर्कोलाई रूप सम्झिनुहोस् । जुन ती दुवै आकार मिल्नु हो त्यसलाई स्पर्श सम्झिनुपर्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**(ख) वेदनाको पहिचान**

"भन्ते नागसेन ! वेदनाको पहिचान के हो ?"

"महाराज ! अनुभव गर्नु वेदनाको पहिचान हो ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै मान्छेले राजाको सेवा गर्छ । राजाले त्योदेखि खुशी भएर त्यसलाई कुनै ठूलो पद दिनुहुन्छ । त्यसले त्यो पद पाएपछि सबै ऐश-आराम (भोग विलास) गर्दै आनन्दसित बस्छ । त्यतिबेला त्यसको मनमा यस्तो कुरा जाग्छ– मैले पहिले राजाको सेवा गरें जसले गर्दा खुशी भएर राजाले मलाई यो पद दिनु भएको हो तर त्यही समयदेखि नै म यो ऐश आराम अनुभव गरिरहेको छु ।"

"महाराज ! अथवा कुनै मान्छेले पुण्य कर्म गरेर मरेपछि स्वर्गलोकमा उत्पन्न भएर सद्गति पाउँछ । उसले त्यहाँ दिव्य पाँच काम गुणहरू भोग गर्छ । उसको मनमा यस्तो कुरा जाग्छ– मैले पहिले पुण्य कर्म गरें । त्यसैले म यी दिव्य पाँच काम गुणहरूको अनुभव गरिरहेको छु ।"

"महाराज ! यसरी अनुभव गर्नु वेदनाको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**(ग) संज्ञाको पहिचान**

"भन्ते ! 'संज्ञाको' पहिचान के हो ?"

"महाराज ! चिन्नु संज्ञाको पहिचान हो ।"

"के चिन्नु ?"

"नीलो रंगलाई नीलो भनेर, पहेंलोलाई पहेंलो भनेर, गाढा रातोलाई गाढा रातो भनेर, सेतोलाई सेतो भनेर र रातोलाई रातो भनेर चिन्नु । महाराज ! यसरी चिन्नु संज्ञाको पहिचान हो ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! राजाको भण्डारी भण्डारमा गएर नीलो, पहेंलो, गाढा रातो, सेतो, रातो सबै रंगका राजाको भोगका चीजहरू हेरेर तिनीहरूलाई चिन्दछ र जान्दछ । महाराज ! यसरी 'चिन्नु' संज्ञाको पहिचान हो ।"

"भन्ते ! तपाईंले धेरै राम्रो कुरा गर्नुभयो ।"

**(घ) चेतनाको पहिचान**

"भन्ते नागसेन ! चेतनाको पहिचान के हो ?"

"महाराज ! 'सम्झिनु' र 'तयार' हुनु चेतनाको पहिचान हो ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै मान्छेले विष बनाएर आफूले पिउँछ र अर्को मान्छेलाई पनि पिउन दिन्छ । उसले आफूले पनि दु:ख भोग्छ र अर्को मान्छेलाई पनि दु:ख भोगाउँछ ।

"महाराज ! यसरी कुनै मान्छेले पाप कर्महरू गरेको सम्झेर मरेपछि नर्कमा दुर्गति (दुर्दशा) पाउँछ र जसले उसलाई सिकाएको छ त्यसले पनि दुर्गति पाउँछ ।"

"महाराज ! कुनै मान्छेले (खारेको) घ्यू, नौनी घ्यू, मह र सक्खर सबै मिलाएर घोल तयार गरेर त्यो घोल आफूले पिउँछ र अर्को मान्छेलाई पनि पिउन दिन्छ । ऊ आफू पनि प्रसन्न हुन्छ अर्को मान्छेलाई पनि प्रसन्न बनाउँछ ।"

"महाराज ! यसरी कसैले पुण्य कर्महरू गरेको सम्झेर मरेपछि स्वर्गलोकमा उत्पन्न भएर सुगति (राम्रोगति मुक्ति) पाउँछ । जसलाई उसले सिकाएको छ त्यसले पनि सुगति पाउँछ ।

"महाराज ! यसरी 'सम्झिनु र तयार हुनु चेतनाको पहिचान हो ।"

"भन्ते ! तपाईले ठीक भन्नुभयो ।"

**(ङ) विज्ञानको पहिचान**

"भन्ते ! विज्ञानको पहिचान के हो ?"

"महाराज ! 'जान्नु' विज्ञानको पहिचान हो ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! नगरको रक्षक नगरको बीचमा कुनै चोकमा बसेर चारैदिशाबाट आउने मानिसहरूलाई हेर्छ । महाराज ! त्यसरी जुन मान्छेले आँखाले (रूपलाई) हेर्छ त्यसलाई विज्ञानले जान्दछ, जुन शब्द कानले सुन्छ त्यसलाई पनि विज्ञानले जान्दछ, जुन गन्धलाई नाकले सुँघ्छ त्यसलाई पनि विज्ञानले जान्दछ, जुन रसलाई जिब्रोले चाख्छ त्यसलाई पनि विज्ञानले जान्दछ, जुन शरीरले स्पर्श (छुने राप) गर्छ त्यसलाई पनि विज्ञानले जान्दछ, जुन धर्मलाई मनले अनुभव गर्छ त्यसलाई पनि विज्ञानले जान्दछ । महाराज ! यसरी 'जान्नु' विज्ञानको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**(च) वितर्कको पहिचान**

"भन्ते नागसेन ! वितर्कको पहिचान के हो ?"

"महाराज! 'कुनै काममा लाग्नु' वितर्कको पहिचान हो।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! जसरी सिकर्मीले राम्रोसित बनाएको काठको टुक्रालाई जोर्नी (जोड्ने ठाउँ, गँसोट) मा जोड्छ उसरी नै "कुनै काममा लाग्नु" वितर्कको पहिचान हो ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

**(छ) विचारको पहिचान**

"भन्ते नागसेन ! विचारको लक्षण के हो ?"

"महाराज ! 'अनुमार्जन' विचारको लक्षण हो ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! काँसको थाललाई ठटाउँदा त्यसबाट आवाज निस्कन्छ । यहाँ जसरी ठटाउनु हो त्यसलाई वितर्क र जुन आवाज निस्कनु हो त्यसलाई विचार सम्झिनुपर्छ ।"

"भन्ते ! तपाईंले ठीक भन्नुभयो ।"

-: तेस्रो वर्ग समाप्त :-

**२६. स्पर्शआदि मिल्दा अलग अलग गर्न सकिंदैन**

राजाले भन्नुभयो– "भन्ते ! यी स्पर्श इत्यादि धर्महरू एक ठाउँमा मिल्यो भने के तिनीहरूलाई अलग अलग गरेर छुट्याएर देखाउन सकिन्छ– यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो विज्ञान हो, यो वितर्क हो, यो विचार हो भनेर ?"

"महाराज ! यसरी देखाउन सकिंदैन ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! राजाको भान्छेले झोल, अथवा भोजन तयार गर्छ । उसले दही, नून, अदुवा, जीरा, मरिच इत्यादि धेरै चीजहरू हाल्छ । त्यतिबेला राजाले उसलाई भन्छ– दहीको स्वाद अलग गर, नूनको स्वाद अलग गर, अदुवाको स्वाद अलग गर, जीराको स्वाद अलग गर, मरिचको स्वाद अलग गर र अरू पनि चीजहरूको स्वाद अलग अलग गर । महाराज ! अब भन्नुहोस् ती चीजहरू एक ठाँउमा मिसिएपछि के तिनीहरूलाई अलग अलग गरेर देखाउन सकिन्छ ?"

"सकिंदैन भन्ते !"

"तथापि (तर पनि) सबैको स्वाद त्यसमा आ-आफ्नो किसिमले विद्यमान भएर बसेको हुन्छ । महाराज ! यसरी ती धर्महरू एक ठाउँमा मिसिएपछि तिनीहरूलाई अलग अलग गरेर देखाउन सकिंदैन ।"

"भन्ते ! सही छ ।"

**नुनिलो र गह्रौंपन**

स्थविरले भन्नुभयो– "महाराज ! के नूनलाई आँखाले हेरेर चिन्न सकिन्छ ?"

"हो भन्ते ! चिन्न सकिन्छ ।"

"महाराज ! अलिकति सोचेर मात्र उत्तर दिनुहोला ।"

"भन्ते ! के जिब्रोले (चाखेर) चिन्नुपर्छ त ?"

"हो महाराज ! जिब्रोले (चाखेर) चिन्नुपर्छ ।"

"भन्ते ! के सबै किसिमका नून जिब्रोले (चाखेर) चिनिन्छ ?"

"हो महाराज ! सबै किसिमका नून जिब्रोले (चाखेर) चिनिन्छ ।"

"भन्ते ! यदि यस्तै कुरा हो भने त्यसलाई गोरुगाडामा राखेर किन ल्याइन्छ ? खालि नून मात्रै ल्याउनुपर्ने होइन र ?"

"महाराज ! खालि नून मात्र ल्याउन सम्भव छैन । यी धर्म नुनिलो र गह्रौंपन दुबै संगसंगै यसरी मिलेका छन् कि तिनीहरूलाई अलग गर्न सकिदैंन ।"

"महाराज ! नूनलाई तराजूमा राखेर जोख्न सकिन्छ ?"

"हो भन्ते ! जोख्न सकिन्छ ।"

"होइन महाराज ! नूनलाई तराजुमा राखेर जोख्न सकिदैंन, खालि गह्रौंपन मात्रै जोखिन्छ ।"

"हो भन्ते ! ठीक हो ।"

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# सीयोसम्म लैजान पनि दिंदैनन्

■ नरेन्द्रनाथ भट्टराई

धनमद र पदमद भन्दा कडा अरू कुनै मद छैन । अन्य प्रकारका नशा तथा मद चढाउने लागु पदार्थका उत्पादन, बेचबिखन गर्ने गराउनेमा पनि धन र पदमावालाहरूकै हात र प्रमुख स्थान छ ।

*साभार- परमात्माको दर्शन (चिन्तनद्वारा)*

धन-सम्पत्ति, पंद-परिवारको त के कुरा लगाएको लुगा, गहना समेत सबै फुकालेर यहीं छोडेर केवल कर्मका गठरी बोकेर धर्म-राजको समक्ष जानु पर्दछ ।

एकजना व्यक्ति धन कमाउन सके सुख पाउँला भन्ने विचार गरी कठोर परिश्रम गरेर धन कमाउन थाले । तर जति जति धन-संम्पत्ति जम्मा गर्दै जान्थे उति-उति अशान्ति, दु:ख र असन्तोषको मात्रा उनमा बढ्दै गएको देखेर के गरेमा सुख, शान्ति मिल्ला भनी एकदिन गुरु नानककहाँ गएर बिन्ती गरे, "हे गुरु ! मसँग धन-सम्पत्ति, पद-प्रतिष्ठा, पत्नी-पुत्रहरू सबै कुरा छन् तैपनि मैले शान्ति पाइन लौ न ! के गरूँ ?" नानकले केही बेर उनीसँग घरायसी कुराकानी गरिसकेर भन्नुभयो– "हेर भाइ ! अशान्ति पाउन धेरै परिश्रम गर्नुपर्दछ तर शान्ति पाउन केही कोशिस गर्नुपर्दैन । म तिमीलाई एउटा सानो काम जिम्मा दिन्छु त्यो गरिदिने वचन दिन्छौ भने म तिमीलाई शान्तिको साँचो नै हातमा राखिदिन्छु ।

"म शान्तिको लागि जे पनि गर्न तयार छु, भन्नुहोस्" भनी ती मानिसले भन्दा गुरु आफ्नो आसन नजिकैको बट्टाबाट एउटा सियो निकालेर दिंदै भन्नुभयो– "यो सियोलाई तिमीले सुरक्षितसाथ घर लगेर राख । तिमी स्वर्गमा आउँदा त्यो सियो साथै लिएर आउ र त्यहाँ मलाई देउ !" ती व्यक्ति घरमा पुगेर स्वास्नीलाई त्यो सियो दिंदै "यसलाई अरू सियोसँग नमिसाइकन राख, म स्वर्ग जाँदा यो सियो लगेर गुरुलाई दिनुपर्छ" भने । स्वास्नीले आश्चर्य मान्दै भनिन्– "यो सियो कसरी लैजान सक्नु हुन्छ तपाईंले ! मरेपछि त मरेको मानिसले लगाएको लुगा समेत झिकेर नांगै पारेर जलाइदिन्छन् भन्ने यत्ति कुरा पनि थाहा छैन ?" स्वास्नीको त्यो वाणीले सेठ झल्याँस भए । भोलिपल्ट गुरु समक्ष गएर, "हे प्रभु ! सम्पत्ति बटुल्न पाए त सबैथोक पाउँछु भन्ने भ्रममा परेको थिएँ तर हजुरको सियोले मलाई ठूलो ज्ञान दिलाई दियो । अब मैले के गरेमा सुखशान्ति पाउँछु उपाय बताई दिनुहोस् भनी पाउ परे । तब गुरु नानकले भन्नुभयो- "हेर ! जाबो एउटा सियोले त तिम्रो साथ दिंदो रहेनछ भने तिम्रा धन सम्पत्ति, पद-प्रतिष्ठा, पुत्र-पत्नी कसैले साथ देलान् त ?" त्यसपछि जनसमूहतिर फर्कंदै गुरु नानकले भन्नुभयो ।

"सम्पत्ति बटुलेर सुख, शान्ति पाउन तम्सिने हे मूर्खहरू हो ! तिमीहरूले जसलाई सम्पत्ति, सुख र समृद्धि मानेर यिनकै पछि अन्धाधुन्द लागिरहेका छौ यिनै कुरा तिम्रा लागि विपत्ति, दु:ख र नाशको कारण बन्ने छ । यसरी कमाएका कुनै पनि कुराका एक अंश पनि साथमा लैजान पाउने छैनौ । बरू यिनको पछि लाग्दा तिमीहरूले गरेका पाप कर्मका गरी बौक्दै बैतरणी नदी तर्दै धर्मराज समक्ष पुगेर तिम्रा कर्मफल भोग्न फेरि ८४ को चक्रमा पर्नेछौ । तिमीहरूले कुकर्म गरी कमाएका सम्पत्ति तिम्रा सन्तानको पनि दुर्गति हुनेछ । सन्तान दरसन्तानले समेत तिम्रा पापका फल यहीं बसेर भोग्नु पर्नेछ । तसर्थ यदि तिमीहरू आफ्नो र आफ्ना सन्तान समेतको कल्याण चाहन्छौ भने कुकर्म गर्न छोड र आजै, अहिल्यैदेखि तिमीहरूले कमाएका, जम्मा गरेका, धनसम्पत्ति, जनकल्याणकारी कार्यमा खर्च गर । सुख र शान्तिको लागि अरू केही गर्नु पर्दैन ।" ■


।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धनं, विस्सासा परमञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस् ।*

प्रत्येक महिनाको

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००– ९:३० |
| दोस्रो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइबेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

धर्मकीर्ति स्वास्थ्य कमिटी, श्रीःघः विहार

# योग अभ्यास विधि - भाग ४३

■ रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. गोपाल प्रधान
*रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योति समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं: ४२२४०८५*

## प्राणिक हिलिङ्ग–२

चमत्कार परिवर्तन छ, र परिवर्तन चमत्कार हो।

गत अंकमा प्राणिक हिलिङ्गको बारेमा केहि जानकारी प्रस्तुत गर्नुका साथै प्राणिक हिलिङ्गको उत्पत्ति र संसारमा के, कस्ले, कसरी संचालन गर्नु भयो र नेपालमा पनि विगत डेढ दशक देखि संचालन गर्दै आएको जानकारी प्रस्तुत गरेको थिएँ। सोहि अनुरुप क्रमशः यस अङ्कमा पनि प्राणिक हिलिङ्गको बारेमा जानकारी प्रस्तुत गर्न लागेको छु।

सम्पूर्ण ब्रह्माण्डको वस्तुहरू जस्तै भूमि, वायु, जल, अग्नि, जीव-निर्जीव, रंग-सुगंध, रूप-आकार, गति आदि ब्रह्माण्डमा निहित शक्ति (उर्जा) हो, यसै शक्तिद्वारा हामीहरू थुप्रै चमत्कार गर्न सक्छौं।

कतिपय व्यक्तिहरू यस्लाई जादू, चटक भन्दछन्। चाहे स्त्री होस् वा पुरुष, यिनीहरूको मूल श्रोत ब्रह्माण्डमा नै निर्धारित छ यस परम शक्तिलाई कतिपयले भाग्यमा नै निर्धारण गर्दछन् साथै यस शक्तिलाई विभिन्न नामाकरण गरेको पाइन्छ र पूर्वजहरूले विभिन्न कर्म काण्ड र कथाहरूमा जोडेको पाइन्छ। स्पष्ट रूपमा भन्ने हो भने आस्तिक होस् वा नास्तिक होस् दुवैले यस पद्धतिलाई मान्दछन्।

प्राणिक-हिलिङ्गबाट चमत्कार देखाउन वा पूर्ण स्वास्थ लाभ प्राप्त गर्न साधकको नियमित अभ्यासको आवश्यकता पर्दछ; तथा कथित मान्यताको कारण प्राणी जातिले प्रकृति विपरित कार्यहरू गर्दछन्। जसबाट ऊ आफै पलायन वा रोग ग्रसित हुन थाल्दछ अर्थात् मधुमेहका रोगीले उपचार को निर्देशन अनुसार नियमित गर्ने भोजनमा सुधार नल्याउने हो भने परिणाम कस्तो होला ? एक पटक कल्पना गर्नुहोस् त। यसै कारण प्राणिक-हिलिङ्गको शिक्षा कार्यक्रममा जुन कुरा नगर्नु भनिएको छ सो कार्य नगर्नु नै अति श्रेयकर हुन्छ। किनकी चमत्कार भनेको एउटा सक्षम व्यक्तिको आत्मिय गहना हो, अब तपाई आफ्नो जीवनलाई के बनाउन चाहनु हुन्छ।

रोग ग्रस्त दु:खित-पीडित वा स्वस्थकर यो तपाईंमा नै आधारित छ।

जीवनमा सफल एवं स्वस्थव्यक्तिले नियमित गर्नु पर्ने प्राणिक-हिलिङ्गको बारेमा यहाँ केही चर्चा प्रस्तुत गर्न लागेको छु। साथै रोगीहरूले पनि के-कस्तो नियमको पालना गर्नु पर्दछ भन्ने बारेमा चर्चा गर्न लागेका छौं।

विश्वमा प्राणीहरूले हावा, पानी र भोजन बिना प्राण शक्ति परिचालन गर्न सक्दैन, हावा, पानी भोजनबाट पनि रोगलाई नियन्त्रण गर्न सक्दछौं। यस्ता पद्धतिहरू विश्व भरी अध्यावधि निहीत छ।

हावा भन्ने बित्तिकै हामीले के बुझ्नु पर्दछ भने अक्सिजन लिन्छौं र कार्वनहाईअक्साइड छाड्छौं। तर लिने छोड्ने प्रकृयालाई मिलाउन चाहिं आवश्यक पर्दछ। स्वास लिंदा नाकैबाट लिन आवश्यक छ भने छोड्दाखेरी कुनै पनि छोड्ने स्थानबाट छोड्न सकिन्छ। त्यस्तै पानी पनि एक जना स्वस्थ व्यक्तिले मौसम अनुसार जाडोमा दुई देखि साढे दुई लिटर र गर्मीमा तीन देखि साढे तीन लिटरसम्म पिउनु पर्दछ। यदि मृगौला (किड्नी) को समस्या भएका व्यक्तिहरू भए उपचारकको निर्देशन पालना गर्नु पर्दछ। भोजन कति लिंदा ठीक कति बेठीक हुन्छ भन्ने कुरालाई प्राकृतिक तरिकाबाट हेर्ने हो भने पेट टन्न भोजन गर्नु भनेको स्वास्थको लागि हानिकारक हुन्छ। यसै कारण प्रत्येक दुई घण्टा वा ४ घण्टामा हल्का भोजन गर्नु उपयुक्त हुन्छ। भोजन समयमा उपलब्ध नभए पानी भए पनि पिउनु उपयुक्त हुन्छ। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# मैले बुझे अनुसार

■ अमीर कुमारी शाक्य

धर्मको अनेक नाम होला
धर्मदुतहरूको अनेक रूप होला
धर्म के हो भन्ने प्रश्नको
उत्तर पनि अनेक होला
तर मैले बुझे अनुसार
धर्म एउटा ऐना हो
जुन ऐनामा हेर्दा आफ्नो अनुहार होइन
आफ्नो मनलाई राम्ररी देख्न सकिन्छ
मन भित्रको क्लेशलाई भेट्टाउन सकिन्छ
अनि आफूले आफैलाई राम्ररी चिन्न सकिन्छ ।
धर्म एउटा एक्स-रे मेशिन हो
जसको मद्दतले शरीर भित्रको अङ्ग-प्रत्यङ्ग मात्र होइन
मन भित्रको क्लेशरूपि खतरनाक किटाणुहरू देख्न सकिन्छ
जुन किटाणुले लोभ, द्वेष, मोह जस्ता
भयंकरण महामारी रोगहरू निम्त्याएको हुन्छ ।
धर्म एक यस्तो औषधि हो
जसको सेवन गर्दा राग र द्वेषरूपि
आगोले पोलेर छत्पतिएकाहरूलाई
सितल र शान्त पार्छ
अनि चित्त शुद्ध पार्ने क्षमता बढाउँछ
धर्म एक आध्यात्मिक इन्जेकशन हो
जसको दैनिक प्रयोग गर्दा
लाभ-अलाभ, यस-अयस, निन्दा-प्रशंसा
सुख-दुःख जस्ता अष्टलोक धर्मरूपि आँधिले ढाल्न सक्दैन
अनि त्याग गर्न सक्ने क्षमता बढाउँछ ।
धर्म एक यस्तो कला हो
अरूलाई पनि सुखले जिउन दिने
आफू पनि सुखले जिउने
मानव समाजलाई नै सुखै सुखले भर्न सक्ने
त्यसैले धर्म एक जीवन जिउने कला हो ।
धर्म एक कल्याण मित्र हो
जसले बाटो बिराएकालाई
सुमार्गमा दोहऱ्याउँछ
मनुष्य जीवनको महत्व सम्झाउने
एक असल जीवन साथी हो ।
त्यसैले, धर्म एक कुशल संस्कार हो
कुशल संस्कारलाई व्यवहारमा उतार्ने
अभ्यासै अभ्यास हो
धर्म समस्या होइन, समाधान हो ।
जसले धर्मलाई रक्षा गर्छ, उसलाई धर्मले ने रक्षा गर्छ ।

# अहंकार त्याग

– देवेन कुमार

हामीमा "म" नै जान्ने, "म" नै ठूलो र "म" नै राम्रो भन्ने अहमता छ, त्यो राम्रो होइन । जो व्यक्तिमा अहम् भावना छ, त्यो व्यक्तिले जीवनमा कदापि सफलता प्राप्त गर्न सक्दैन । अहम् भावनाले मानिसलाई पतन गर् ाउँछ ।

ऋषिमुनीहरू पनि अहम् त्याग गरेर महापुरुष भएका हुन् । गौतमबुद्ध अहंकार त्याग गरेर नै विश्वमा भगवान्‌का रूपमा चर्चित हुन पुगेका छन् । अहम्‌ले मानिसलाई कहिल्यै पनि प्रगतिपथमा अगाडि बढ्न दिदैन । अहम् भावना मनको विकार हो । जसरी शरीरले विकार त्याग गरेर शरीरमा शुद्धीकरण गर्दछ, त्यसरी नै हामीले पनि हाम्रो मनबाट अहम् भावलाई त्यागेर आत्मशुद्ध गर्न सक्दछौं । त्यसैले आदिमकालका ऋषिमुनीहरू अहंकार त्याग गरेर महामानव बन्न सफल भएका हुन् ।

हामी राम्रो छौं भने अरूले पनि राम्रो छ भन्छन् । यदि हामी गलत छौं भने अरूले पनि त्यसलाई गलत ठान्दछन् । गलत कार्य जहिले पनि अप्रिय नै हुन्छ । त्यसैले परोपकारी, गुणी, विनयी बन्नुपर्ने कुरामा कवि लेखनाथ पौडयालले पनि जोड दिनुभएको छ, उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर ।

फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ? उपकारी गुणी व्यक्तिमा अहमता हुँदैन । "अहम्" भाव त्यागने नै सत्पुरुष बन्न सक्दछ । अहमताले मानवलाई "उच्च" हुन दिदैन "नीच" बनाउन प्रेरित गर्दछ ।

जसले जीवनमा अहमता वा घमण्डलाई माटोको घैलोढुंगामा बजारेझैं सदाका लागि त्याग गर्दछ, ऊ नै सफल बन्दछ । सफलता प्राप्त गर्न अहंकार त्याग गर्नु अत्यावश्यक छ । अहमता हरेक मानवले त्याग्नुपर्ने कुरा हो । प्रत्येकले अहमता त्याग गर्ने हो भने यो संसार पनि स्वर्गसमान बन्न सक्दछ । सम्पत्ति बटुलेर अर्कालाई मारेर, अर्काको अंश लोभ गरेर वा खान पाइयो भनेर अर्काको भागै नराखी खाने प्रवृत्ति मानिसले हटाउनुपर्दछ ।

यस्तो प्रवृत्ति असल व्यक्तिमा हुने गुण होइन । धनको अहमता, सुन्दरताको अहमता, बलको अहमता आदि सधैं रहिरहँदैनन्, ती सबै क्षणिक हुन् भन्ने हामीले जान्नुपर्दछ । त्यसैले अहम् भावना त्यागेर सादा जीवन बिताउनु नै मानवमात्रको एकमात्र कल्याणकारी कार्य हो ।

*(साभार- अन्नपूर्णपोष्ट)*

# धर्मकीर्ति विहार — गतिविधि

**विषय- हिंसा**

*२०६५ आश्विन २५ गते*

*प्रस्तुती- उर्मिला ताम्राकार*

यसदिन हिंसाको विषयमा छलफल गरियो । छलफलमा सहभागी सबैले दशैं तथा अन्य चाडपर्वहरूमा धर्मको नाममा काटमार गरि बलिदिई मासु खाने प्रथा उचित नभएको कुरा बताए । सदियौं कालदेखि मानिसहरू धर्मको नाममा अनेकौं तर्कहरू प्रस्तुत गर्दै, अनेकौं कारणहरू देखाई बलिदिई प्रसादको रूपमा मासु खाने बहाना बनाउँदै आएका छन् । हाम्रो देश नेपालमा पनि राष्ट्रिय चाड भनेर दशैं तथा अन्य चाडपर्वहरूमा अधिराज्य भरमा मन्दिरहरू तथा देवालयहरूमा हजारौं प्राणीहरूलाई धर्मको नाममा बलि चढाउने गरिन्छ । बलि चढाउने तथा मासु खानेहरूको तर्क यसप्रकारको छ–

१) दैवी प्रकोप ईश्वरीय लिला हो । यसबाट बच्न देव-देवताहरूलाई खुसी पार्न बलिदिनुपर्छ ।

२) पशु-पंक्षी जस्ता तिरच्छान प्राणीलाई मोक्ष दिलाउन उनीहरूलाई बली दिनुपर्छ ।

३) वातावरणीय सन्तुलन कायम राख्न हिंसा गरी मासु खानुपर्छ । यदि हामीले पशुपंक्षीलाई मारेर खाएनौं भने उनीहरूको संख्यामा वृद्धि भएर मानिस बस्ने ठाउँनै हुँदैन ।

४) मासुले तागत दिन्छ ।

५) बलि प्रथा सदियौं वर्ष देखि चलिआएको हाम्रो संस्कृति हो । यसलाई निरन्तरता दिनु हाम्रो धर्म हो ।

तर यी सबै तर्क र कारणहरू अन्धविश्वास र कुतर्क मात्र हुन् । यो सबै मांसाहारी हिंस्रक असभ्य मार काट गर्ने शासक वर्गले चलाएका विकृति र कुप्रथा मात्र हो । नेपाल जस्तो पवित्र बुद्ध जन्मभूमीमा यस प्रथालाई संस्कृति भन्दै कानूनी मान्यता दिनु कदापी उचित हुँदैन । जुन काम गर्दा बहुजन हिताय बहुजन सुखाय हुन्छ त्यही सच्चा धर्म हुन्छ । हामीले अनेकौं बहाना गरी प्राणी हिंसा गरी मासु खानु हुँदैन । भगवान बुद्धले जीवक सूत्रमा कुनै प्राणीलाई लक्ष्यगरी आफ्ना निमित्त मारिरहेको, सुनेको र मनमा शंका लागेको भएमा त्यस्तो मासु अभोज्य हुन्छ भनी भन्नु भएको छ । भगवान बुद्धले पञ्चकाम सुखमा मात्र भुल्नाको दोष बताउनु भएको छ र गृहस्थीहरूले पञ्चशील पालन गर्नुपर्ने उपदेश दिनुभएको छ ।

बुद्धको उपदेश अनुसार बलिको अर्थ त्याग गर्नुहो । संसाररूपी पासोमा परि दु:ख भोगिरहेका सत्व प्राणीहरूलाई दु:खबाट मुक्त हुने उपाय बुद्धले बताउनु भएको छ । सारा दु:खको मूल कारण तृष्णा हो । तृष्णाको कारण काम, क्रोध, लोभ, मोह अविद्या मात्सर्य आदिको पाशोमा परि मानिस पशु समान बनेकाछन् । यस दु:ख रूपी संसारको पाशोबाट मुक्त पाउन काम, क्रोध, लोभ, मोह, अहंकार जस्ता पाशविक बानी ब्यहोरालाई त्याग गर्नुनै साँच्चैको बली दिनुहो ।

यस छलफल कार्यक्रममा इन्दावती गुरुमाँले गरीव र दुर्वल प्राणीहरूको शोषण गर्नुहुँदैन र अरूलाई कठोर शब्द प्रहार गरी चित्त दुखाउनु पनि हिंसा हो भन्नुभयो । फेरि वहाँले अगाडि भन्नुभयो कि हामी सबैले सत्व प्राणीलाई आफू जस्तै ठानेर आफूलाई जे गर्दा सुख वा दु:ख हुन्छ, अरूलाई पनि त्यस्तै हुन्छ भन्ने कुरा बुझेर ब्यवहार गर्न सके सुख शान्ति प्राप्त हुन्छ । आफूमा भएको दुर्गुणलाई बलि दिनु नै साँच्चैको धर्म हो ।

त्यस्तै अनुपमा गुरुमाँले भगवान बुद्धले उपदेश दिनु भएको पाँचवटा बलिको बारेमा यसरी भन्नुभयो– १) ञाति बलि (आफन्तहरूको संग्रह गर्नु । २) अतिथि बलि (अतिथि सत्कार) । ३) पुब्ववेद बलि (मृत्यु भइसकेका आफन्तहरूको नाममा दानपुण्य गर्नु । ४) राज्य बलि (राष्ट्रलाई कर तिर्नु) । ५) देवता बलि (पूजा गर्न योग्य तथा देवताहरूको पूजा गर्नु) ।

**विषय- त्रिबोधि**

*२०६५ कार्तिक ९ गते*

*प्रवचक- डा. नरेशमान वज्राचार्य*

त्रिबोधि अन्तर्गत श्रावक वोधि भित्र पर्ने इन्द्रिय सम्वन्धी विषयमा डा. नरेशमान वज्राचार्यज्यूले विस्तृत व्याख्या गर्नुभयो । यो भन्दा अघिको प्रवचनमा वहाँले कसरी इन्द्रियबाट शुरू भएर अन्तमा मानसिक वाचिक र शारीरिक कर्म वन्छ भन्ने कुरा बताउनु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

नाम र रूप मिलेर जीवन धारा चल्दछ । नाम भन्नाले चेतना अथवा मन र रूप भन्नाले शरीर भनेर बुझ्न सकिन्छ । पाँच इन्द्रियहरू शारीरिक हुन् भने मनलाई पनि एउटा इन्द्रियको रूपमा नै लिइएको छ । भौतिक पदार्थ सवै चतुर्महाभूतबाट बन्ने हुनाले शरीर स्कन्ध पनि यिनीहरूबाटै बनेको हुन्छ । इन्द्रियहरूको आ-आफ्नो विषय हुन्छन् जुन यी चतुर्महाभूत भित्रै पर्दछन् । उदाहरणको लागि चक्षुको विषय रूप हो जसमा आधार र रङ्गको ज्ञान हुन्छ ।

इन्द्रियलाई प्रासाद, धातु, आयतन भनेर पनि उल्लेख गरेको पाइन्छ, जस्तै चक्षु इन्द्रियलाई चक्षुप्रासाद, चक्षु धातु अथवा चक्षु आयतन पनि भनिन्छ । शाब्दिक अर्थ भिन्ना-भिन्नै भए पनि अभिधर्ममा यिनीहरूको एउटै अर्थ लाग्दछ ।

डा. वज्राचार्यले बुद्ध धर्मको प्रचार प्रसारको लागि संस्थागत रूपमा अभियान थाल्नुपर्नेमा पनि जोड दिनुभयो ।

## लुम्बिनीको अनुभव

*२०६५ कार्तिक ३० गते*

*प्रस्तुती- मिनरवती तुलाधर*

*स्थान- धर्मकीर्ति विहार, श्रघः नःघ*

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले लुम्बिनीको अनुभव विषयमा बोल्नुहुँदै भन्नुभयो–

"लुम्बिनीको शान्त वातावरण मन परेकोले बुद्ध शिक्षामा आधारित केही पुस्तक लेख्ने मनसाय बोकी म लुम्बिनी पुगें ।" भगवान् बुद्ध परिनिर्वाण हुनुभन्दा अगाडि उहाँले भन्नुभएको वचन "अप्पमादेन सम्पादेथ" लाई हामीले बुझ्ने कोशिस गर्नुपर्छ । यसको अर्थ हामीले संधै होशियारीपूर्वक काम गर्नुपर्छ । संसारमा विज्ञानले जतिसुकै आविष्कार गरेतापनि यसले मानिसहरूलाई बुढा हुनुपर्ने, रोगी हुनुपर्ने, मर्नुपर्ने विधिलाई रोक्नसकेको छैन । त्यसैले होला संसारका कैयौं मानिसहरू बुद्ध शिक्षाको महत्त्व सम्झंदै बुद्ध जन्मभूमी लुम्बिनीलाई श्रद्धा प्रकट गर्न लुम्बिनी आउँछन् । कोही व्यक्ति शैक्षिक भ्रमणको सिलसिलामा लुम्बिनी आउने गरेका छन् भने कोही मनोरञ्जनको लागि पनि आउने गरेको पाइन्छ । अहिले लुम्बिनीमा किसिम-किसिमका फूलहरू र रूखहरू उम्रिएका छन् । हामीलाई रातदिन पूण्य वृद्धि हुने उपाय नै ठाउँ ठाउँमा फूल रोप्ने बगैंचा बनाउनु, सत्तल र विहारहरू निर्माण गर्नु आदि कार्यलाई प्रस्तुत गरिएका छन् । त्यसैले लुम्बिनीमा विभिन्न देशहरूले आ-आफ्ना देशको चिन्हको रूपमा विहारहरू निर्माण गरेका छन् ।

भगवान् बुद्धले भन्नुहुन्छ– "सफा सुग्घर नगरीकन शील पूर्ण हुँदैन । शील पूर्ण नभइकन प्रज्ञा पूर्ण हुँदैन । प्रज्ञा पूर्ण नभइकन दुःखबाट मुक्त हुन सकिंदैन ।

## शासनकीर्ति विहार भिक्षुणी गुरुमां शासनलाई हस्तान्तरण

*२०६५ मंसीर १० गते, धरान ।*

श्रद्धेय भिक्षुणी धम्मवतीकी चेलीको रूपमा रहेकी धरान निवासी ९५ वर्षिए वृद्ध गुरुमां शासनवतीले आफू रहँदै आउनुभएको घरलाई भिक्षुणी गुरुमां शासनलाई सुम्पी भिक्षुणी गुरुमां विहार बनाउनु भएको समाचार छ । उक्त विहार उहाँले भिक्षुणी धम्मवती गुरुमांलाई हस्तान्तरण गर्नुभएको थियो । भिक्षुणी धम्मवतीले उक्त विहारलाई शासनकीर्ति विहार नामाकरण गर्नुभएको कुरा थाहा हुन आएको छ । स्मरणीय रहेको छ, शासनवती गुरुमां धरान बुद्ध विहारकी जग्गा दाता पनि हुनुहुन्थ्यो ।

## पुनःनिर्मित धर्मकीर्ति विहारको छैठौं जन्मोत्सव सम्पन्न

*२०६५ मंसीर ५ गते, धर्मकीर्ति विहार, श्रीघः नःघ ।*

दाता द्रव्यमान सिंह, बसुन्धरा तुलाधर प्रमुख संपरिवारको यथा श्रद्धाले पुनःनिर्मित धर्मकीर्ति विहारले ६ वर्ष पूरा गरेको छ । यस उपलक्ष्यमा दाता परिवारले विहारको जन्मोत्सव कार्यक्रम सम्पन्न गरेको छ ।

विहान धर्मकीर्ति ज्ञानमालाले ज्ञानमाला भजन प्रस्तुत गरिसकेपछि पञ्चशील प्रार्थना, बुद्धपूजा गरिएको उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरको जीवनी सम्बन्धी तस्विरहरूको स्लाइड देखाइएको थियो भने भिक्षुणी धम्मवती, भिक्षु कोण्डञ्य एवं जुजुभाई शाक्यको हालसालै सम्पन्न भएको अमेरिकाको धार्मिक यात्रा सम्बन्धी स्लाइड पनि देखाइएको थियो ।

उक्त कार्यक्रममा विहार पुनः निर्माण गर्नुहुने दाताद्वयलाई अमेरिका भ्रमण गर्नुहुँदा अमेरीका निवासी बुद्ध महर्जनले पुऱ्याउनु भएको आतिथ्यको कदर गर्दै उहाँलाई पनि भिक्षुणी धम्मवतीको तर्फबाट उपहार प्रदान गरिएको थियो ।

विहान बुद्धपूजा कार्यक्रममा उपस्थित भन्ते गुरुमांहरू लगायत सबै उपासकोपासिकाहरूलाई दाता परिवारको तर्फबाट जलपान गराइएको थियो ।

उक्त कार्यक्रम पश्चात् भन्ते गुरुमांहरूको तर्फबाट परित्राण पाठ गरिए लगत्तै दाता परिवारहरूको तर्फबाट दान प्रदान कार्यक्रम सम्पन्न गरिएका थियो । त्यसपछि निमन्त्रित सम्पूर्ण भन्ते गुरुमांहरूलाई भोजन गराउनुभई पूण्य सञ्च गरिएको थियो ।

**विषयः बुद्ध र धर्म अध्ययन**

*२०६५ मंसीर ७ गते*

*स्थान- धर्मकीर्ति विहार, श्रीःघः, नःघल ।*

*प्रवचक- श्रद्धेय अश्वघोष भन्ते ।*

यस दिन श्रद्धेय अश्वघोष भन्तेले बुद्ध र धर्म अध्ययन विषयक प्रवचन दिनुभई भन्नुभयो बुद्ध र सिद्धार्थमा के फरक छ ?

सिद्धार्थ राजकुमारको जन्म हुँदा जगतको उद्धार गर्छु भन्ने व्यक्तिले बुद्ध भइसकेपछि भन्नुभयो– **"तुम्हे हि किच्चं कातब्व, अक्खातारो तथागता ।"** अर्थात्– बुद्ध त मार्ग दर्शक मात्र हो काम त आफैले गर्नुपर्दछ, धर्मको आचरणको लागि आफैले अभ्यास गर्नु पर्दछ ।

एक बृद्ध व्यक्तिको प्रश्न "बुद्ध को हो ?" को उत्तर मा उहाँले भन्नु भएको थियो– "जान्नुपर्ने कुरा जानिसकें, अभ्यास पनि गरि सकें, छोड्नु पर्ने कुसंस्कार छोडिसकें, त्यसैले म बोधि ज्ञान प्राप्त बुद्ध हुँ ।"

जान्नु पर्ने कुरा अर्थात् चतुआर्य सत्य, आर्य अष्टाङ्किक मार्ग जानेर त्यसलाई अपनाई अनित्य, दुःख, अनात्म त्रिगुणको अभ्यास र आचारण गरी अकुसल संस्कार त्यागी निर्वाणको मार्ग बोध भइसकेको बुद्ध हो भन्ने आसय गर्नु भएको थियो ।

त्यसैले आफ्ना भिक्षु, भिक्षुणीको संघ र उपासक, उपासिकालाई धर्म वा उहाँको शिक्षा पहिले सुनेर, अध्ययन गरेर मात्र आचरण र अभ्यास गर्ने गर भनेर उपदेश दिनुहुन्छ– **"सुनाथ धारेथ चराथ धम्म ।"**

रङ्गी विरङ्गी फूल फुल्ने बगैंचा रूपी समाजका मानिसहरूसंग श्रद्धा र प्रज्ञा जस्ता दुवै गुणहरू वरावरी भइ दिएमा श्रद्धा भएर प्रज्ञा नभएका अन्धभक्त पनि हुँदैन र प्रज्ञा मात्र भएर श्रद्धा पटकै नभएका मतलवी पनि हुँदैन ।

आफू दोषरहित बनेर यो (मेरो) आफ्नो परम्परावादी धर्म भनेर धर्मलाई साम्प्रदायिक बनाउँदैन । धर्मलाई समुद्रपार गर्ने साधन डुंगा मात्र सम्झेर धर्मको आचरण गर्न सकेमा नै बुद्धको शिक्षालाई अपनाएको हुन्छ ।

उसको दोष, अवगुणलाई औंल्याई देखाउनुभन्दा आफैले आफूलाई जाँचेर कुशल कार्यगरी असल मार्गमा जानुपर्दछ भन्ने बुद्धको शिक्षा या धर्म अध्ययन नै आजको यो नयाँ नेपालको सोचको अत्यन्त ठूलो आवश्यकता हो भनी उहाँले भन्नुभयो ।

**अमेरिकाया थिथि थासय् धर्मप्रचार ज्याङ्व क्वचाय्काः धम्मवती गुरुमां नेपाः लिथ्यन**

अमेरिकाय् च्वनादीपिं नेपाली दातापिसं बुद्ध शिक्षा सय्क्यगु तातुनाः अमेरिकां निसें याःगु निमन्त्रणायात स्वीकार यासे नेपालं धम्मवती गुरुमां, भिक्षु कोण्डञ्य व धर्मकीर्ति ज्ञानमाला भजनया उपाध्यक्ष जुजुभाई शाक्य भाद्र २१ गते नेपालं प्रस्थान जुया बिज्यास्य धर्मप्रचार ज्याङ्वः क्वचाय्काः मंसीर २ गते नेपाः लिहाँ बिज्याःगु खः । लगभग निलास्याया उगु धार्मिक भ्रमणय् वसपोलपिनि पाखें अमेरिकाया थिथि थासाय् धर्मप्रचार यानाबिज्याःगु खँ सीदु ।



*अमेरिकास्थित डलास टेकसासया भियतनाम विहारे प्रवचनयाना बिज्यास्य भिक्षु कोण्डञ्ञ*

वसपोलपिसं धर्म प्रचारार्थ भ्रमण यानाबिज्याःगु अमेरिकाया विभिन्न थाय् थुकथं उल्लेख जुयाच्वंगु दु – लस एञ्जल्स, सन्फ्रान्सिस्को, पोर्टल्याण्ड, सियाटल, डलास,



*अमेरिकास्थित बर्मी विहारे प्रवचन यानाबिज्यास्य धम्मवती गुरुमां*



Downloaded from http://www.dhamma.digital



*अमेरिका भ्रमण सिधयुका: नेपा: लिहाँबिज्या:बले नेपाले धम्मवती गुरुमांयात उपासकोपासिकापिसं स्वागतयाना च्वंगु छगू दृश्य*

न्यूयोर्क, वासिङ्गटन डिसी, भर्जिनिया, मेरील्याण्ड, साय्ण्डियागो, टोरेन्स आदि ।

थुपिं थिथि थासय् वसपोलपिसं बुद्धपूजा, परित्राण पाठ, ज्ञानमाला भजन व धर्मदेशनाया ज्याझ्व: न्ह्याका बिज्या:गु ख: । ज्ञानमाला भजनया ज्याझ्व: धर्मकीर्ति ज्ञानमालाया उपाध्यक्ष जुजुभाई शाक्यं न्ह्याकादीगु ख:सा, भिक्षु कोण्डञ्ञ वा भिक्षुणी धम्मवतीं धर्मदेशना व परित्राण पाठ यानाबिज्या:गु ख: ।

ज्ञानमाला भजन व धर्मदेशना जूगु थाय् थुकथं उल्लेख जुयाच्वंगु दु– लसएञ्जल्स्य् सर्व शाक्यया छ्येँ, भिक्षु कोण्डञ्ञ व भिक्षुणी धम्मवतीया पाखें धर्मदेशना, सन्फ्रान्सिस्कोय् अनील शाक्यायाथाय् बुद्धपूजा व भन्ते गुरुमां पाखें धर्मदेशना । थन हे भिक्षु धम्मपियया विहारय् भिक्षुणी धम्मवती पाखें वर्मी भाषं धर्मदेशना याना बिज्या:गु ख: । अथेहे पोर्ट लाय्ण्ड सुद्धोदन रञ्जितयाथाय् ज्ञानमाला भजन परित्राण पाठ व धर्मदेशना । थुगुहे थाय् बर्मी विहारे ज्ञानमाला भजन व कोण्डञ्ञ भन्ते पाखें प्रवचन नं जुल । अथेहे पोर्टलायण्डया जापानी विहारय् दयारत्न शाक्यया संयोजकत्त्वय् ज्ञानमाला भजन प्रस्तुत जुलसा भिक्षु कोण्डञ्ञ पाखें अंग्रेजी भाषं धर्मदेशना जूगु ख: । धम्मवती गुरुमांनं नेवा: भाषं बियाबिज्या:गु धर्मदेशनायात दयारत्न शाक्यं अंग्रेजी भाषं अनुवाद यानाबिज्या:गु ख: । डलासस्थित टेक्सासय् रेडियोय् भन्ते गुरुमां पाखें अन्तर्वार्ता बीगु ज्याझ्व: जुलसा उगुहे थासय् भियतनाम विहारय् कवि दुर्गालाल श्रेष्ठया सहभागिता दुगु ज्याझ्वले ज्ञानमाला भजन प्रस्तुत जुल झझ:धायक बुद्धपूजा व परित्राण पाठ ज्याझ्व:नं क्वचा:गु जुल । उगु ज्याझ्वले भिक्षु कोण्डञ्ञ व भिक्षुणी धम्मवती पाखें धर्मदेशना नं क्वचा:गु जुल । भर्जिनियाय् नं ज्ञानमाला भजन प्रस्तुतया साथय् भिक्षु कोण्डञ्ञ व भिक्षुणी धम्मवती पाखें प्रवचन नं जुल । सम्माननीय नेपाली राजदूत सुरेश चन्द्र चालिसेया निमन्त्रणाय् थुखुन्हु भेटघाट मन्तब्य नं व्यक्त जूगु ख: । अथेहे मेरीलायण्ड स्थित बर्मी भन्ते सयादो उ आसभाचारया विहारय् भिक्षुणी धम्मवती पाखें बर्मी भाषं प्रवचन जुलसा जुजुभाई शाक्य पाखें ज्ञानमाला भजन प्रस्तुत जुल ।

अथेहे वार्टिमोर बर्मा विहारय् कथिन उत्सवय्नं भाग कया विज्यागु खँ समाचारे उल्लेख जुयाच्वंगु दु ।

वसपोल धर्मप्रचारकपिन्त भोजन दानयाना: पूण्य संञ्चय यानाबिज्या:पिं दातापिं व वसपोलपिसं परित्राण पाठ यानाबिज्या:गु थाय् व दातापिनिगु नां थुकथं उल्लेख जुयाच्वंगु दु–

लसएञ्जल्स–सर्व शाक्य, सान्फ्रान्सिस्को–अनिल शाक्य, सान्फ्रान्सिस्को–बर्मी विहार भिक्षु धम्मपिय; पोर्टलायण्ड–सुद्धोदन रञ्जित; पोर्टलायण्ड–दयारत्न शाक्य; पोर्टलायण्ड–रमा वज्राचार्य; पोर्टलायण्ड–टाइवान विहार; पोर्टलायण्ड (सियाटल)–लक्ष्मण (अध्ययन गोष्ठीया पूर्व सदस्य); डलास, टेक्सास्–स्वयम्भू वज्राचार्य; डलास, टेकसास्–सुनकेशरी वज्राचार्य, डलास, टेकसास्–मकर वज्राचार्य; डलास, टेकसास्–स्वयम्भूधर तुलाधर; डलास, टेकसास्–जुजुभाई शाक्य; डलास, टेकसास्–महेन्द्र मानन्धर; डलास, टेकसास्–भियतनाम विहार; डलास, टेकसास्–सुशील शाक्य; डलास, टेकसास्–यशकुमार वज्राचार्य; न्यूयोर्क–प्रेमगोपाल महर्जन; न्यूयोर्क–राजु तुलाधर; न्यूयोर्क–सञ्जय तुलाधर; वासिङ्गटन डिसी–बुद्ध महर्जन; वासिङ्गटन डिसी–सुगन्ध तुलाधर; वासिङ्गटन डिसी–मल्लिका शाक्य; टोरेन्स–अनिस प्रधान; सान्डियायो–सुरेन्द्र शाक्य आदि ।

मयुजु मल्लिका शाक्यं भिक्षुणी धम्मवती गुरुमां व भिक्षु कोण्डञ्ञयात न्यूयोर्क निसें वासिङ्गटन डिसीतक हवाईजहाज खर्च तया: निमन्त्रणा या:गु ख: । वय्क:याथाय् एकहप्ता वसपोल गुरुमां च्वनाबिज्या:गु ख: । अथेहे सुरेन्द्र शाक्यया निमन्त्रणाय् नं वसपोल सान्डियागोय् एकहप्ता च्वनाबिज्या:गु ख: । स्मरणिय जू मयुजु मल्लिका व भाजु सुरेन्द्र निम्हं भिक्षुणी धम्मवतीया भिंचापिं ख: ।

मंसीर २ गते नेपाल लिथ्यंगु बखते एअरपोर्टनिसें

धर्मकीर्ति विहारथ्यंक वसपोलपिन्त धर्मकीर्ति ज्ञानमाला भजन व धर्मकीर्ति विहारया उपासकोपासिकापिसं खादा गा क्वखाय्का: स्वाँ बिया: झझ:धाय्क लसकुस या:गु ख:सा वसपोलपिसं धर्मकीर्ति विहारया धम्महले थ:गु यात्रा अनुभव प्वंका: लसकुस यानादीपिं सकंसित साधुवाद देछाय्गु ज्याझ्व: नं क्वचा:गु ख: ।

अमेरिकाय् गुलिनं दातापिसं वसपोलपिन्त शुद्धगु मनं सेवा यानादिल, वय्क:पिं सकसितं वसपोलपिसं साधुवाद देछाना च्वंगु दु ।

## मिं धय्पुना काई

■ प्रेमलक्ष्मी तुलाधर

ध्व शरीरयात गुलि माया याय्गु ?
छन्हुला छन्हुं अवश्य नं नष्ट जुया वनीतिनि
तर शरीरयात माया मयानां छुयाय्गु ?
म्वात्तले बिचा: याना तय्हेमानी
मखुसा रोगं कय्का च्वनेमाली
अले फुकस्यां मयो धाय्केमाली
भिंउसाँय्, ता:आयू, धन दयाँ छुयाय्गु ?
छन्हुला छन्हु ध्व: शरीर पंचतत्वय् मिले जुया वनीतिनी
गथेकी-मिं-धय्पुना काई
फसं-व्यय्का यंकी
लखं-चुइका यंकी
जमिनं-चा नाप मिलेयानाबी
वाफ जुया: आकाशय् वना सुपाँय् जुया ध्व हे ख:
जीवन धैगु धका: अनेक किपा: क्यना सुन्यताय् लुकुंविया वनी
ध्व: शरीरयात गुलिमाया याय्गु ?
छन्हुला छन्हु अवश्य नं नष्ट जुया वनीतिनी
वने मानि छन्हु भ्रीपिं नं अथेहे
च्वनेमदु ध्व संसारे
बुद्धयागु उपदेशयात थुइका धर्मयात पाचिना:
बुलुहुं न्ह्या:गु पालिख्वाँय् निर्वाणया लंपुई
लाय्मा धका: आशिका याना च्वना ।

## वृद्धया कामना

■ राज शाक्य, चाकुपाट, यल

मृत्यु किचलं गायका: च्वनागु अवस्थाय्
पारिवारिक उपेक्षां ख्याका: च्वने म्वालेमा ।
ब्वलंका तयापिं काय्पिं, हि-च:तिं
काय्का: यौवनं, कला भक्त मजुइमा
इंगलिस सय्का: थ:गु संस्कृति तोता:
मां-बौं वाना: विदेश मवनेमा । मृत्यु किचलं ...
छ्छा: नयासाँ दु:ख-सुख म्हसिका:
छय्-छुइ लिसे, मैत्री इने दय्मा:
जन्मं बुढा जूगु, कुल छैं तोता:
वृद्धाश्रमया शरणे, वने म्वालेमा: । मृत्यु किचलं ...
भन्तेपिनिगु संगत याना, धर्म म्हसिके दय्मा
बुद्ध धर्म संघया सेवा, नित्य याय् फय्मा
यथाशक्तिं दान-पुण्य याना, कर्म भिंके दय्मा
भय् मकास्ये मृत्यु यात, अंगीकार याय् फयमा ॥
मृत्यु किचलं ...

## महान

■ राजीव बज्राचार्य, ल.पु., भिन्छेबहाल

महान बन्न त्यत्तिकै सकिदैन ।
हुनुपर्छ ध्यान र ज्ञान
यो पृथ्वी एउटा खुल्ला मञ्च र मैदान ।
बुद्धले फैलाई गए यस पृथ्वीमा ज्ञान
ज्ञानले गर्दा नै बुद्ध भए महान्
हरेक वर्ष आउँछ बुद्ध जयन्ती
फैलाई दिन्छ ज्ञान र बिज्ञान
महान बन्न त्यत्तिकै सकिंदैन ।
हुनुपर्छ ज्ञानी र ज्ञान
यो पृथ्वी एउटा खुल्ला मञ्च र मैदान ।
बुद्धले फैलाई गए यस पृथ्वीमा ज्ञान ।
बुद्ध ध्यानी भएरै गए महान् ।
ध्यानी नै हो महाज्ञान विज्ञान ।
महान बन्न त्यत्तिकै सकिदैन ।
हुनुपर्छ ज्ञानी र ज्ञान
हरेक वर्ष आउँछ बुद्ध जयन्ती
फैलिन्छ बुद्धको सन्देश र शान ।



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार

## समाचार

### मैत्री बोधिसत्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६५ कार्तिक २१ गते*

*स्थान- मैत्री बोधिसत्व महाविहार, जमल ।*

यसदिन कुसुम गुरुमांबाट शील प्रार्थना गराउनु भई बुद्ध पूजा कार्यक्रम संचालन पछि धर्मदेशना गर्नुभएको थियो। दयाश्र्वर महादेव ज्ञानमाला भजन खल: लाजिम्पाट-बाट ज्ञानमाला भजन प्रस्तुत गरेको यस दिनको कार्यक्रममा उपस्थित हुनु भएका श्रद्धालुहरूलाई दाता केशरी लक्ष्मी कंसाकार प्रमुख सपरिवारको तर्फबाट जलपानको व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गरिएको थियो ।

### धर्मप्रचारया लागि थीथी हलंज्वलं दान यानादिल

*२०६५ मंसीर १ गते । प्रस्तुती- पञ्ञावती गुरुमां*

धर्मकीर्ति विहारया Audio Visual Committee यात धर्मप्रचारया ज्याझ्व: ता:लाकेत गुहाली ज्वीमा धयागु मनंतुना: स्व. प्राणमाया चित्रकार यलया निर्वाण कामना यासे वयक:या काय् सभासद रामकृष्ण चित्रकार व सपरिवारपिनि पाखें Samsung Laser Printer छग: दान यानादीगु दु । अथेहे अमेरिकाया सान्दियागोय् च्वना-बिज्यानाच्वंम्ह उपासिका बुद्धलक्ष्मी शाक्य व पुष्पपिनि पाखें Sony Mega Pixel Handy Cam. Touch Panel व Digital Video Cassette न्यागू (५ थान) नं Audio Visual Caommittee धर्मकीर्ति विहारयात दान याना पूण्य संचय यानादीगु दु । दाता परिवारपिन्त धर्मकीर्ति विहार साधुवाद देछासे थुजोगु अनुकरणीय पूण्यकार्यं अपोलं उपो अज्ञानीपिनि नुगले ज्ञानं थाय्काय्क्यगु ज्याय् प्रगति जुजुं वनेमा धयागु कामना नं या:गु दु ।

### दिनभर मैत्री सूत्र र महासमयसूत्र पाठ सम्पन्न

*२०६५ मंसीर १४ गते, शनिवार ।*

स्थान- निर्वाणमूर्ति किण्डोल विहार, स्वयम्भू ।

दिवंगत व्यक्तिहरूको पूण्य स्मृतिमा दिनभरी प्रव्रजित गुरुमांहरूको तर्फबाट मैत्रीसूत्र एवं महासमय सूत्र पाठ गरिएको समाचार छ । उक्त कार्यक्रमको अन्त्यमा दिवंगत व्यक्तिहरूलाई पूण्यदान गरिएको थियो। निर्वाणमूर्ति किण्डोल विहारबाट आयोजित उक्त कार्यक्रममा धर्मकीर्ति विहार अन्तरगतका गुरुमांहरूले पाठ गर्नुभएका थिए ।

### सत्रौं कर्मापाबाट बुद्धगयामा पूजा

सत्रौं कर्मापाबाट बुद्धगया भारतमा पूजा कार्यक्रम सम्पन्न गरिएको समाचार छ। यस कार्यक्रममा भाग लिनको लागि धर्मकीर्ति विहारबाट भिक्षुणी धम्मवती र भिक्षुणी पञ्ञावती मंसीर १४ गते बुद्धगया पुग्नुभएको थियो ।

### २२७० औं शस्त्र परित्याग दिवस सम्पन्न

*२०६५ आश्विन २३ गते ।*

*स्थान- धापाखेल विहार, ललितपुर ।*

आजभन्दा २२७० वर्ष अगाडि सम्राट चण्ड अशोकले शस्त्र परित्याग गरी सन्त अशोक भई यथार्थ सत्यजीत, अहिंसा, शान्ति, सबै प्राणीको जीउने अधिकार सुरक्षित गर्नुपर्ने सन्देश विश्वमा फैलाएको पूण्य स्मृति दिनलाई मनन गरी उनीप्रति कृतज्ञता ज्ञापन गर्ने र उनको आदेश स्मरण गरी तत्अनुसार अनुशरण गर्ने सिलसिलामा थेरवाद बौद्ध दायक केन्द्रिय परिषदले यसपाली धापाखेलमा शस्त्र परित्याग दिवस कार्यक्रम सम्पन्न गरेको थियो ।

श्री बखतबहादुर चित्रकारको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न विहारहरू एवं धार्मिक संघ संस्थाहरू र अन्य सामाजिक परिषद् समूहहरूले भाग लिएका थिए। श्री भुयूकाजी महर्जनले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा श्री लोकबहादुर शाक्य, श्री देवरत्न महर्जन, श्री विष्णुरत्न शाक्य, श्री केशव शाक्य, डा. श्री सानुभाई डंगोल, श्री शान्तरत्न शाक्य, श्री मोतिलाल महर्जन, श्री बुद्धिबहादुर महर्जन आदिलें शस्त्र परित्याग दिवसको महत्त्व विषयमा विश्लेषण गर्नुहुँदै समाज सुधार कार्यमा अग्रसर हुनुपर्ने विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

यसरी नै वीर्यवती गुरुमांले बुद्ध शिक्षाले मन शुद्ध पार्ने शिक्षा दिए अनुसार यसलाई हामीले अनुशरण गर्न सकेमा आफ्नै र समाजको हीत हुने विषयमा प्रकाश पार्नु भएको थियो । कार्यक्रमको बीचबीचमा ज्ञानमाला भजन प्रस्तुत गरी उक्त कार्यक्रम अझ रोचक पारिएको थियो–

अन्त्यमा कार्यक्रममा सभापति श्री बखतबहादुर चित्रकारले सभापतिको आशनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नुभएको थियो ।

**भिक्षु ज्ञानपूर्णिक महास्थविरको ५० औं उपसम्पदा दिवस**

निवर्तमान अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष, नेपाल बौद्ध परियत्ति शिक्षाका सहशिक्षाध्यक्ष, विश्व शान्ति विहारका प्रमुख, अग्गमहासद्धम्म जोतिकधज, धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरको उपसम्पदा जीवन ५० वर्ष पुगेको उपलक्ष्यमा उपसम्पदा स्वर्ण दिवस मनाइने भएको समाचार छ। आउँदो चैत्र २३ गते देखि चैत्र ३० गतेसम्म विभिन्न कार्यक्रमहरू संचालन गरी उक्त दिवस मनाउनका लागि भिक्षु कुमार काश्यप महास्थविरको निर्देशकत्त्वमा १०१ जना सदस्यीय मूल समारोह समिति गठन भएको पनि समाचार छ। म्यानमार, श्रीलंका र थाइलैण्डका मुख्य-मुख्य भिक्षुहरू निमन्त्रणा गरी संक्षिप्त रूपले त्रिपीटक संज्ञायन गरिने उक्त समारोहमा नेपालका जम्मा ५० जना कुलपुत्रहरूलाई सामुहिक रूपले भिक्षु उपसम्पदा गरिने कार्यक्रम पनि रहेको कुरा बुझिएको छ।

**जापानमा विश्वबौद्ध सम्मेलन सम्पन्न**

जापानस्थित कोबेमा विश्व बौद्ध सम्मेलन सम्पन्न भएको समाचार छ। उक्त सम्मेलनमा विश्व शान्ति विहार नेपालका प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरको नेतृत्त्वमा पाँच सदस्यिय एक टोलीले भाग लिएको समाचार छ। तेंत्तीस राष्ट्रका विशिष्ट व्यक्तित्त्वहरूले भाग लिएको उक्त शिखर सम्मेलनमा नेपालका विशिष्ट व्यक्तित्त्वहरूबाट पनि सन्देश पठाइएको कुरा थाहा हुन आएको छ। उहाँहरूको नामावली यसरी उल्लेख भएका छन्– सम्माननिय राष्ट्रपति डा. रामवरण यादव, सम्माननिय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सम्माननिय संविधानसभाध्यक्ष सुभाषचन्द्र नेम्वाङ्ग, सभासदहरू एवं बौद्ध संघ संस्थाका प्रतिनिधिहरू।

**विश्व बौद्ध भातृत्त्व संघका चौबिसौं विश्व बौद्ध सम्मेलन**

*१४–१७ नोबम्बर, जापान।*

जापानको राजधानी टोक्योमा विश्व बौद्ध भातृत्व संघहरूको २४ औं विश्व बौद्ध सम्मेलन सम्पन्न भएको समाचार छ। उक्त सम्मेलनमा नेपालको तर्फबाट राष्ट्रपति डा. रामवरण यादवले पठाउनुभएको सन्देशमा जापानका लागि नेपाली राजदूत डा. गणेश योञ्जनले पढेर सुनाउनु भएको थियो। उक्त सम्मेलनले विश्व बौद्ध भातृत्त्व संघको नयाँ कार्यकारिणी समिति चयन गरेको समाचार छ। प्राप्त समाचार अनुसार कार्य समितिमा धर्मोदय सभा नेपालका उपाध्यक्ष एवं संविधान सभा नेपालका उपाध्यक्ष एवं संविधान सभाका सभासद पद्मज्योति कंसाकार उपाध्यक्ष पदमा अत्यधिक मत प्राप्त गरी चुनिनु भएको थियो।

यस सम्मेलनमा विश्व बौद्ध भातृत्त्व संघका भातृ संगठन डब्लु.एफ.बी. वाईको पनि नयाँ कार्यकारिणी समिति चयन भएको थियो। उक्त नयाँ समितिमा वाई.एम.बी.ए. नेपालका सुरज शाक्य उपाध्यक्ष पदमा निर्वाचित हुनु भएका थिए। उक्त सम्मेलनमा विश्व बौद्ध भातृत्त्व संघका निवर्तमान उपाध्यक्ष लोकदर्शन बज्राचार्यलाई अभिनन्दनपत्र प्रदान गर्ने कार्य पनि सम्पन्न भएको समाचार छ।

**फर्पिङ्ग दक्षिणकाली गा.वि.स.को मञ्जुश्री गुम्बामा बुद्धपूजा र परित्राण पाठ**

*२०६५ मंसीर १२ गते।*

फर्पिङ्ग स्थित दक्षिणकाली गा.वि.स.मा अवस्थित महायानी गुरुहरूको मञ्जुश्री बुद्धिष्ट लर्निङ्ग सेन्टर गुम्बामा यसदिन धर्मकीर्ति विहारबाट श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां



*फर्पिङ्गस्थित मञ्जुश्री गुम्बामा महायानी गुरुहरूका साथ धर्मकीर्ति विहारका प्रव्रजित गुरुमांहरू*

प्रमुख अन्य १९ जना भिक्षुणी गुरुमांहरू गरी जम्मा २० जना गुरुमांहरूलाई निमन्त्रणा गरिएको थियो। उक्त गुम्बामा श्रद्धेय महायानी गुरुहरूले निमन्त्रित भिक्षुणी गुरुमांहरूलाई भोजनको व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गर्नुभएका थिए भने खादा प्रदान गरी दानप्रदान पनि गर्नुभएका थिए।

यसरी नै धर्मकीर्ति विहारका भिक्षुणी धम्मवती प्रमुख अन्य गुरुमांहरूले उक्त गुम्बामा बुद्धपूजा र परित्राण पाठ गर्नुभएका थिए। उहाँहरूबाट पनि उक्त गुम्बाका महायानी गुरुहरूलाई यथाश्रद्धा दान गरिएको थियो।

स्मरणिय रहेको छ ८ जना विद्यार्थीहरूबाट शुरू गरिएको उक्त गुम्बामा हाल ६५ जना विद्यार्थीहरूले बुद्ध शिक्षा अध्ययन गरिरहेका छन्।


Downloaded from http://www.dhamma.digital

### "नियात्राका पदचापहरू" विमोचित

*२०६५ मंसीर १३ गते ।*

*स्थान- सुलक्षणकीर्ति विहार, चोभार, कीर्तिपुर ।*

सुलक्षणकीर्ति विहार एवं बि-एल.आई.ए. नेपाल च्याप्टरको संयुक्त तत्त्वावधानमा आयोजित एक कार्यक्रममा यसदिन "नियात्राका पदचापहरू" नामक पुस्तक विमोचन गरिएको थियो ।

डा. भिक्षुणी अनोजाद्वारा लिखित वरिष्ट साहित्यकार मोहन दुवालद्वारा सम्पादित उक्त पुस्तक नेपाल भाषा एकेडेमीका कुलपती तथा वरिष्ठ सँस्कृतविद सत्यमोहन जोशीले विमोचन गर्नुभएको थियो । उहाँको प्रमुख आतिथ्यमा भिक्षुणी धम्मवतीको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– सत्यमोहन जोशी, भिक्षुणी धम्मवती, भिक्षुणी अनोजा, इन्दीरा मानन्धर, देवकाजी शाक्य आदि ।

उक्त पुस्तक माणिकरत्न शाक्य, दानकेशरी शाक्य प्रमुख सपरिवारको आर्थिक सहयोगमा प्रकाशन गरिएको थियो ।

### गुलुपाः दान

भाजु गुलुपाः रत्न (जीवरत्न स्थापित) जुं विभिन्न विहारय् गुलुपाः दान यायगु ज्याझ्वःयात निरन्तरता बिसें २०६५ कार्तिक ९ गते विश्व शान्ति विहारय् ज्ञानपूर्णिक महास्थविरयात कलात्मक गुलुपाः लःल्हानादीगु दु । थुगु गुलुपाः जापानया विहारय् तयगु लागि वयकलं भन्तेयात लःल्हाःगु जुयाच्वन । छाय्धाःसा वसपोल भन्ते उगु इले विश्व बौद्ध सम्मेलन ज्याझ्वले ब्वति कायत जापान बिज्याय् त्यंगु खः । अथेहे वयकः गुलुपाः रत्न भाजु २०६५ कार्तिक १६ गते बनेपा ध्यानकुटी विहारय्या लागि नं भिक्षु अश्वघोष महास्थविर व भिक्षु राहुलयात छगः अज्याःगु हे कलात्मक गुलुपाः दान यानादीगु बुखँ दु । उलिजक मखु प्राप्त जुयाच्वंगु मेगु बुखँ अनुसार वयकलं २०६५ कार्तिक १९ गते सिद्धार्थ गौतम बुद्ध विहार तिलौराकोट कपिलवस्तुया लागि नं अज्याःगु हे गुलुपाः छगः दान यानाः पूण्य सञ्जय यानादीगु दु । अथेहे वयकलं कार्तिक २६ गते नं जीतापूर गन्धकुटी विहार खोकनाय् नं छगः गुलपाः लःल्हानादीगु न्हूगु बुखंदु ।

### धर्मदूत सम्मेलन क्वचाल

युवा बौद्ध समूह या ग्वसालय् नगरमण्डप श्री कीर्ति विहारय् निन्हु यकं या धर्मदूत सम्मेलन क्वचाल । नेपाःया वरिष्ठ भिक्षु कुमार काश्यप महास्थविर पाखें शुभारम्भ याना बिज्यागु थुगु सम्मेलनं बुद्ध धर्म प्रचारप्रसारया लागि विभिन्न बौद्ध संघ संस्था तय् पाखें थपिंस यानाच्वनागु गतिविधि व भावी कार्यक्रमया बारे प्रस्तुत यायेगु ज्या जूगु खः । नेपाःया प्रमुख भिक्षुपिं व ३० गु मयाक संस्था सहभागी जूगु थुगु ज्याझ्व या बन्द सत्रे युवा बौद्ध समूहया सल्लाहकार डा. केशवमान शाक्य पाखें ज्या पौ प्रस्तुत जूगु खः । अखिल नेपाल भिक्षु महासंघया सचिव भिक्षु धर्ममूर्ति अग्गञाणी गुरुमां व धर्मोदयया महासचिव सुचित्रमान शाक्य पाखें शुभेच्छा मन्तव्य प्रदान जूगु उद्घाट्न ज्याझ्वलय् कुमार रंजित व जुनुमैंया वासुकला पाखें सम्पादित "धर्मदूत" नांगु सफुया विमोचन नं जूगु खः । युवा बौद्ध समूहया अध्यक्ष त्रिरत्न मानन्धर पाखें लसकुस व उपाध्यक्ष राजा शाक्य पाखें सुभाय् देछाय्गु ज्या जूगु थुगु सम्मेलनयात निरन्तरता वीगु लागि श्री कीर्ति बौद्ध केन्द्रया पहलय् मेगु छगू गोष्ठी यायेगु क्वछ्यूगु खः ।

## सत्धर्म (तिक्वीन्द्रय)

■ अनु. ज्योति शाक्य

सतधर्म भनेकै बुद्धका वाक्य
श्रवण गर्नुपाउनु हाम्रो हो भाग्य ॥
शील समाधि प्रज्ञा भएको
दुःखबाट मुक्त हुन हामीलाई चाहिएको ॥
हे प्रिय मित्रगण ! धर्मका संगी हो !
हामी सबै नै शिक्षित हुनु हो ॥
अनित्य दुःख अनात्म यी तीन
लोकमा ब्यापक भइरहेकै हुन् ॥
त्यसकै निम्ति पात्र बनिरहेका
सत्धर्म सुन्न यहाँ आइरहेका ॥
दान शील भावना गरौं नित्य नै
श्रवण चिन्ता योग लिऔं यी तीनै ॥
अम्हत पिलाएको धर्म कथिकले
पिऔं हामी पनि आनन्द श्रद्धाले ॥
यति महान देशना सुन्न पाएको
दाता सभाको कृपाले जुरेको ॥
तिक्वीन्द्रियको हर्षोत्साले
यो एक कविता लेखेको अरे ॥

## सुलक्षणकीर्ति विहार परिसरमा ३० फिट अग्लो बोधिसत्त्व सिद्धार्थ कुमारको मूर्ति स्थापना

*२०६५ कार्तिक १९ गते।*
*स्थान- सुलक्षणकीर्ति विहार।*

सुलक्षणकीर्ति विहार, चोभार परिसर भित्र थाइलैण्डका वात् सोङमेत्तावनराम विहारका प्रमुख धर्मगुरु श्रद्धेय फ्रा. खु.संघ टाक बुम्सोङ उपसमोबाट श्रद्धा दानको रूपमा निर्माण गर्न लागेको ३० फिटे अग्लो बोधिसत्त्व सिद्धार्थ कुमारको प्रतिमा शिलान्यास गर्नको लागि संविधान सभाका अध्यक्ष श्री सुवास नेम्वाङ्गज्यूको प्रमुख आतिथ्यमा शिलान्यास कार्यक्रम सुसम्पन्न भएको थियो।

वात् सोङ मेत्तावनाराम विहार थाइलैण्ड, सुलक्षणकीर्ति विहार चोभार र बि.एल.आई.ए. नेपाल च्याप्टर को संयुक्त तत्त्वावधानमा संचालित उक्त कार्यक्रम अनुला गुरुमांले संचालन गर्नुभएको थियो।



*सिलान्यास गर्नु अगावै मैनबत्ती बाली उद्घाटन गर्नुहुँदै सुभाषचन्द्र नेम्वाङ्ग*

प्राप्त समाचार अनुसार आउँदो अप्रिल ६ तारिखका दिन थाइलैण्डका राजपरिवारका साथै राजगुरु र अन्य अति विशिष्ट व्यक्तित्वहरूका साथ यस प्रतिमाको अनावरण गरिने कार्यक्रम रहेको छ।

भिक्षुणी डा. अनोजाको सभापतित्वमा संचालित उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर, नेपालका लागि थाइलैण्डका राजदूत प्रा. माणिकलाल श्रेष्ठ, सुजीव वज्राचार्य, कृष्णगोपाल श्रेष्ठ, भिक्षु आनन्द, लक्ष्मीदास मानन्धर आदि गन्यमान्यहरूको पनि उपस्थिति रहेको थियो।

स्मरणिय छ, उक्त प्रतिमा स्थापनार्थ धर्मकीर्ति विहार का गुरुमांहरू लगायत उपासकोपासिकाहरूको तर्फबाट लगभग रु. १५,०००/– चन्दा प्रदान गरिएको थियो।

## बौद्ध संस्कृति अनुसार महाभीमरथारोहण सम्पन्न

*२०६५ मंसीर ८ गते। स्थान- पुष्प बाटिका, धराम-७*

वरिष्ट समाजसेवी श्रीमती विष्णुदेवी श्रेष्ठ ८४ वर्षमा प्रवेश गर्नुभएको पावन अवसरमा उहाँको महाभीम-रथारोहण समारोह बौद्ध संस्कृती अनुसार सम्पन्न गरिएको समाचार छ। बुद्धपूजा र परित्राणपाठ गरी संचालित उक्त कार्यक्रममा उहाँको सम्मानमा प्रकाशित अभिनन्दन ग्रन्थ एवंम् विष्णुदेवी श्रेष्ठको दिनचर्याको वृत्तचित्र भिक्षुणी धम्मवतीको बाहुलीबाट लोकार्पण गरिएको थियो।



*प्रमुख अतिथीको आसन ग्रहण गर्नुहुँदै भिक्षुणी धम्मवती (बीचमा)*

श्रीमती विष्णुदेवी श्रेष्ठका पुत्र एवंम् पुत्र वधु श्याम गोविन्द श्रेष्ठ र श्रीमती रेवा श्रेष्ठ प्रमुख सपरिवारको आयोजनामा संचालित उक्त कार्यक्रम श्रद्धेय भिक्षुणी धम्मवतीका प्रमुख आतिथ्यमा र श्रीमान् विष्णु गोविन्द लाखेको सभापतित्त्वमां संचालन गरिएको थियो।

उक्त कार्यक्रममा श्रीमती रेवा श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने अभिनन्दन वाचन गर्ने व्यक्तिहरू यसरी रहनुभएका थिए– पुर्षोत्तम गोविन्द लाखे, सरलादेवी कायस्थ, नारायणप्रसाद श्रेष्ठ, श्रीहरेराम कर्माचार्य आदि।

यसरी नै श्री कृष्णप्रसाद श्रेष्ठ, श्री राजविमल श्रेष्ठ र श्री सुरेशकुमार शर्माले शुभकामना मन्तव्य व्यक्त गर्नुभएका थिए। यसरी नै प्रमुख अतिथी श्रद्धेय भिक्षुणी धम्मवतीले श्रीमती विष्णुदेवी श्रेष्ठलाई उपहार तथा मायाको चिन्ह प्रदान गर्नुभई शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। त्यसपछि अभिनन्दित श्रीमती विष्णुदेवी श्रेष्ठबाट पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा श्री श्यामगोविन्द श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभई श्रीमान् विष्णुगोविन्द श्रेष्ठले सभापतिका आशनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो। उक्त कार्यक्रमका उद्घोषिका सुश्री लग्जीमा तुलाधर रहनुभएको थियो।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३२९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७७

Downloaded from http://www.dhamma.digital